# नयाँ सन्दर्भ साप्ताहिक

**Naya Sandarbha Weekly**

वर्ष : २५ अंक : १७ पृष्ठ ६ भद्रपुर वि.सं. २०७७ मंसिर १४ *(November 29, 2020)* नेपाल सम्वत ११४१ मुल्य : रु.१०।-



**सबैको रोजाई**

मेची अञ्चल मै एक मात्र
सबै रोगहरुको भरपर्दो उपचारका लागि
अत्याधुनिक उपकरण जडित
विश्वसनीय चिकित्सकहरु भएको
चिकित्सा प्रतिष्ठान
अध्यक्ष : गोपालकुमार बस्नेत

**विर्तासिटी हस्पिटल**
विर्तामोड, झापा


## भद्रपुर नगर सरकार मौन

# चन्द्रगढी विमानस्थल बिषयमा भद्रपुरवासी दुई खेमामा



**– सन्दर्भ समाचारदाता**

भद्रपुर। पर्यटन तथा नागरिक उड्डयन मन्त्री योगेश कुमार भट्टराईले चन्द्रगढी विमान स्थलको स्थरोन्ती पछिल्लो कार्ययोजना अनुसार नै हुने बताएका छन् । चन्द्रगढी विमानस्थल बचाउ समितिले विमानस्थलको स्थरीकरण रोकिनु नहुने भन्दै बुझाएको ज्ञापन पत्र बुझेपछि मन्त्री भट्टराईले उत्तरतर्फ नै संरचना तयार हुने प्रष्ट पारेका हुन् । उनले दक्षिण तिरका बासिन्दाको गुनासो प्रमुखद्वार सार्नु नहुने भएपनि प्राविधिकले तयार पारेको डिपिआरले उत्तरतर्फ संरचना बनाउदा कम खर्च लाग्ने देखिएकोले त्यही अनुसार गर्दा प्राधिकरणलाई फाइदा पुग्ने समेत प्रष्ट पारे । कार्यक्रममा समितिका संयोजक हिरा प्रसाद पोखरेल, सह संयोजक गोमा भट्टराई लगायत पदाधिकारीको उपस्थिति रहेको थियो ।

यसैबीच भद्रपुरस्थित चन्द्रगढी विमानस्थलको स्तरोन्नतिका लागि उत्तर र दक्षिणतर्फका स्थानीयबीच हानाथाप सुरु भएको छ । उत्तरतर्फका स्थानीयले पछिल्लो विस्तृत आयोजना प्रतिवेदन ९डीपीआर० अनुसार काम थाल्नुपर्ने दाबी गर्दै आएका छन् भने दक्षिणतर्फका स्थानीयले दक्षिणतर्फकासँग समन्वय नगरी निर्माण कार्य थालिए सशक्त प्रतिकारमा उत्रिने बताएका छन् ।

दुईपक्षको आ-आफ्नो अडानले स्तरोन्नतिमा समस्या हुने देखिएको छ । उत्तरतर्फका स्थानीयले सङ्घर्षका लागि स्थानीय हीराप्रसाद पोखरेलको संयोजकत्वमा २१ सदस्यीय चन्द्रगढी विमानस्थल बचाउ सङ्घर्ष समिति गठन गरेका छन् । कार्यक्रममा भद्रपुर-९ का कार्यवाहक अध्यक्ष रामप्रसाद दाहाल, महिला नेतृ सुशीला बस्नेत, नेपाल महिला सङ्घकी केन्द्रीय सदस्य गोमा भट्टराईलगायतले सम्बोधन गर्दै चन्द्रगढी विमान स्थलको स्तर वृद्धि कुनै बहानामा रोक्न नहुने भन्दै डीपीआर अनुसार अविलम्ब काम थालिनु पर्ने माग राखेका छन् ।

यता पछिल्लो डीपीआरअनुसार उत्तरपट्टि मूल गेटसहित टर्मिनल भवन तथा आवागमन कक्ष निर्माण हुने गरी कार्ययोजना तयार भएपछि दक्षिणपट्टिका स्थानीयले प्रमुखद्वार सार्न नहुने अडान राखेका छन् । दक्षिण तर्फका स्थानीयले जनप्रतिनिधि तथा स्थानीय सङ्घ-संस्था, सरोकारवाला पक्षसँग समन्वय नगरी टर्मिनल भवन र मुख्य प्रवेशद्वार सार्न चलखेल सुरु भएको बताएका छन् ।

उत्तरतर्फले गरिरहेको विरोधमा स्थानीयले चन्द्रगढी विमानस्थल सरोकार एवम् सङ्घर्ष समितिसमेत गठन गरेका छन् । रुद्रप्रसाद चूडालको संयोजकत्वमा १३ सदस्यीय सङ्घर्ष समिति गठन गरिएको छ । विमानस्थललाई क्षेत्रीयस्तरको विमानस्थल बनाउँदा अहिले रहेको टर्मिनल भवन र मुख्य प्रवेशद्वार उत्तरपट्टि सार्न खोजिएको भन्दै त्यसको विरोधमा उनीहरूले सङ्घर्ष समिति गठन गरेका हुन् ।

समितिले टर्मिनल भवन र मुख्य प्रवेशद्वारको विषयमा ध्यानाकर्षण गराउँदै केही दिनअघि झापा आएका पर्यटन तथा नागरिक उड्डयन मन्त्री योगेशकुमार भट्टराईलाई लिखितरूपमै ज्ञापन-पत्र बुझाइसकेका छन् ।

जिल्लाको भद्रपुर नगरपालिका-८ स्थित चन्द्रगढी विमानस्थल २०२१ सालमा सञ्चालनमा आएको हो । घाँसे मैदानबाट उडान सुरु गरिएको विमानस्थललाई करिब एक वर्षअघि विस्तार गरी अन्तर्राष्ट्रियस्तरको बनाउने भनेर बिर्तामोडमा यहाँका स्थानीय तथा जनप्रतिनिधिलाई जानकारी नगराई डीपीआर पेश गरी अहिलेको टर्मिनल भवन र मुख्य प्रवेशद्वार उत्तरतर्फ सार्ने डिजाइन पेश गरिएको थियो ।

डीपीआरमै भवन र प्रवेशद्वार सार्न खोजिएको डिजाइन बाहिर ल्याएसँगै त्यसको विरोधमा भद्रपुरवासी उत्रिएका थिए ।

स्थानीय विरोधमा उत्रिएपछि प्रवेशद्वार र भवन नसार्ने भनी विमानस्थलले आश्वासन दिएपछि माहौल शान्त भएको थियो । तर, अहिले फेरि क्षेत्रीयस्तरको विमानस्थल बनाउन खोज्दा भवन र प्रवेशद्वार सार्ने चलखेल सुरु भएपछि स्थानीयले सङ्घर्ष समिति गठन गरेको स्थानीय किशोर कोइरालाले जानकारी दिए ।

# १५ हजार ८८ जना कक्षा १२ को परीक्षा दिँदै



**–सन्दर्भ समाचारदाता**

भद्रपुर । झापामा कक्षा १२ को शैक्षिक वर्ष २०७६ को परीक्षामा १५ हजार ८८ जना परीक्षार्थीले सहभागीता जनाएका छन् । परीक्षामा नियमिततर्फ ११ हजार ८८४ र आंशिकतर्फ ३ हजार २०४ जना परीक्षार्थी सहभागी भएको परीक्षा बोर्ड प्रदेश परीक्षा व्यवस्थापन कार्यालय विराटनगरले जनाएको हो ।

झापामा १ सय २८ वटा परीक्षा केन्द्र तोकिएका छन् । त्यस्तै मेची र कोशीमा नियमिततर्फ ४३ हजार २ ९९ र आंशिकतर्फ १६ हजार ६९७ गरी ५९ हजार ९९६ जना परीक्षामा सहभागी भएको उनले जानकारी दिए । ती दुई अंचलमा ५६८ वटा परीक्षा केन्द्र छन् । देशभर झण्डै ४ लाख ३२ हजार परीक्षार्थी सहभागी भएका छन् । देशभर ४ हजार एक सय ५ वटा

## भद्रपुर नगरपालिका क्षेत्रमा

# मंसिर १४ गतेबाट विद्यालय सञ्चालनमा ल्याइने



**–सन्दर्भ समाचारदाता**

भद्रपुर । भद्रपुर नगरपालिका क्षेत्र भित्रका सबै विद्यालयहरू भौतिक रूपमा मंसिर १४ गतेबाट सञ्चालनमा ल्याउने गरी तयारी थालिएको छ ।

नेपाल सरकारले भौतिक रूपमा विद्यालय सञ्चालन गर्न स्थानीय सरकारलाई जिम्मेवारी हस्तान्तरण गरेपछि नगर कार्यपालिकाले सुरक्षा सावधानी अपनाएर विद्यालय सञ्चालन गर्न स्वीकृति दिएको हो ।

भद्रपुर नर शिक्षा शाखाले कोभिड १९ संक्रमण नहुने गरी सुरक्षा सावधानी अपनाएर विद्यालय सञ्चालन गर्न नगरपालिका क्षेत्रका विद्यालयहरूसित कार्योजना माग गरी शुक्रवारसम्म संकलनको समयावधि तय गरेको छ भने १३ गते शनिवार विद्यालयहरूले पेश गरेका कार्योजनामाथि छलफल गरी विद्यालय सञ्चालनको औपचारिक निर्णय हुने जनाइएको छ ।

शिक्ष तथा विज्ञान प्रविधि मन्त्रालयले तय गरेको मापदण्ड पूरा गरेर मात्र विद्यालय सञ्चालन हुने गरी तयारी भइरहेको नगर शिक्षा शाखाका योगेन्द्र पौडेलले जानकारी दिए । उनका अनुसार विद्यालय सञ्चालन गर्न व्यवस्थापन समितिले अभिभावक, शिक्षक कर्मचारी, बाल क्लब लगायत प्रत्यक्ष सरोकारवालासित सहमती गरी विद्यालय सञ्चालन कार्योजना बनाएर बुझाउनु पर्ने छ भने विद्यालय सञ्चालन पश्चात नगर शिक्षा समितिले स्थलगत अनुगमन गरी सुरक्षा अवस्थाको मूल्यांकन हुने छ ।

कोरोना भइरसको विश्वव्यापी प्रभावले गर्दा २०७६ देखि बन्द रहेका भद्रपुरका विद्यालयहरूमा गत साउनमा पनि कक्षा ९ र १० सञ्चालन गरिएकोमा केही विद्यार्थी संगठनको बिरोध भएपछि एक हप्तामै जिल्ला प्रशासन कार्यालय झापाले बन्द गराएको थियो ।

वैकल्पिक शैक्षिक गतिविधिहरु सञ्चालन भइ रहेका नगर क्षेत्रका विद्यालयहरू नगर शिक्षा समितिको वैठकले भर्खरै सरकारद्वारा जारी गरिएको विद्यालय सञ्चालन कार्य ढाँचा २०७७ ले तोकेको मापदण्ड पूरा गरी विद्यार्थीहरुलाई भौतिक रूपमा नै विद्यालयमा उपस्थित गराएर कक्षा सञ्चालन गराउने निर्णय गरेको नगर शिक्षा शाखाको भनाइ छ ।

नगर शिक्षा शाखाका कर्मचारी योगेन्द्र पौडेलका अनुसार -'नगरका सबै विद्यालयले सरकारले तोकेको मापदण्ड पूरा गरेर विद्यालय सञ्चालन गर्नुपर्नेछ । सबै विद्यालयले शुक्रबार सम्ममा कक्षा सञ्चालन गर्ने ढाँचा शिक्षा शाखामा प्रस्ताव गर्ने उनले जानकारी दिए ।

शिक्षा सञ्चालन कार्य ढाँचा अनुसार स्वास्थ्य मापदण्ड अर्न्तगत अनिवार्य मास्क लगाउनु पर्ने, हातधुने

**बाँकी पृष्ठ ४ मा**





**भद्रपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय**
भद्रपुर (झापा) प्रदेश नं. १ को

**जनहितमा जारी सूचना**

- मिसावट गरिएका, सडेगलेका तथा अस्वास्थकर खानेकुरा नखाऔं ।
- सडक तथा सार्वजनिक स्थानमा छाडा रुपमा चौपायाहरु नछोडी सभ्य नागरिकको पहिचान दिऔं ।
- सडक तथा पेटी–किनारमा आवगमनमा अवरोध हुने गरी निर्माण सामग्री नराखौं ।
- बालबालिकालाई काममा होइन, विद्यालय पठाऔं ।
- सार्वजनिक स्थलमा जतातत फोहोरमैला नफालौं ।
- आफ्नो घर वरपर विरुवा रोपी हरित नगरीको रुपमा विकास गरौं ।

**अर्जुनधारा नगरपालिकाको कार्यालय**
शनिश्चरे (झापा) प्रदेश नं. १ को

**जनहितमा जारी सूचना**

- मिसावट गरिएका, सडेगलेका तथा अस्वास्थकर खानेकुरा नखाऔं ।
- सडक तथा सार्वजनिक स्थानमा छाडा रुपमा चौपायाहरु नछोडी सभ्य नागरिकको पहिचान दिऔं ।
- सडक तथा पेटी–किनारमा आवगमनमा अवरोध हुने गरी निर्माण सामग्री नराखौं ।
- बालबालिकालाई काममा होइन, विद्यालय पठाऔं ।
- सार्वजनिक स्थलमा जतातत फोहोरमैला नफालौं ।
- आफ्नो घर वरपर विरुवा रोपी हरित नगरीको रुपमा विकास गरौं ।

**रोश्नी ज्वेलर्स** भद्रपुर-१० (बजार लाईन), चन्द्रगढी
प्रो. रञ्जु साह/ मुकेश साह
२४ क्यारेट
सम्पर्क : ९८६३६१४२७०
विना रुखावत





**सुनगाभा सपिङ्ग सेन्टर**
भद्रपुर-१०, झापा
सेन्चुरी बैंक तल
०२३४५५९७२
निरज निरौला
९८५२६२०२७७
घर तथा अफिस डेकोरेसन तथा फर्निसिङ्ग सामाग्रीको थोक तथा खुद्रा विक्रेता




# मुक्तिचोकमा पुष्परोपण, बोलेनन् मन्त्री




**– सन्दर्भ समाचारदाता**

झापा । मुक्तिचोक । वास्तवमा यो चोक सबैको मुक्ति र अधिकारका लागि बोल्ने मुख्य थलोको रुपमा परिचित छ । यो चोकमा उभिएर नबोल्ने शायद कमै होलान् । त्यसमा पनि राजनीति गर्ने राजनीतिकर्मीका लागि मुक्तिचोक तीर्थस्थल नै हो भन्दा फरक पर्दैन । २०६२र०६३ को जनआन्दोलनको सफलतापछि जनताले विजय प्राप्त गरेको प्रतिकका रुपमा निर्माण गरिएको हुनाले पनि मुक्तिचोक राजनीतिकर्मीका लागि तीर्थस्थल हो । प्रमुख अतिथि भएर मुक्तिचोकमा उभिएपछि जनतालाई आस्वस्त पार्ने कुनै कुनै भनाइहरु राखेर जाने नेता तथा मन्त्रीको परम्परालाई मंगलबार संघीय सरकारका शहरी विकास मन्त्रीले तोडे ।

वीरता लेडी जेसीजले मुक्तिचोकको स्तम्भ वरीपरी पुष्परोपण कार्यक्रमको प्रमुख अतिथि रहेका संघीय सरकारका शहरी विकास मन्त्री कृष्णगोपाल श्रेष्ठ दुर्गा मन्दिरबाट पुष्पको विरुवा आफैं हातमा लिएर मुक्तिचोक पुगे । श्रेष्ठले पुष्पको विरुवा रोपी सकेपछि लेडी जेसीजकी अध्यक्ष शुष्मा पौडेलले प्रमुख अतिथिलाई केही कुरा राखिदिन आग्रह गरिन् । अध्यक्ष पौडेलले उपस्थित पत्रकारहरुको समेत चाहनालाई सम्बोधन गर्दै मन्त्रीलाई बोलन आग्रह गरेकी थिइन् ।

तर, मन्त्री श्रेष्ठले मात्र पुष्परोपण जस्तो पवित्र कार्य गरेकोमा जेसीजलाई धन्यवाद दिए । मन्त्रीले के बोल्छन् भनेर तेर्सिएका क्यामेरा र उपस्थितले मन्त्रीको मन्तव्यबारे मेसो नै पाएनन् ।

गत असोज ११ गतेको मन्त्रिपरिषद बैठकले 'संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल' नलेख्ने निर्णय गरेको कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयद्वारा मातहत निकायमा परिपत्रलाई र मुक्तिचोकमा उभिएर मन्त्रीले केही पनि नबोल्नु अर्थपूर्ण रहेको मानिएको छ ।

पूर्व-पश्चिम मुख्य मार्ग, झापाको मुख्य बजार विर्तामोडको मुटुमा रहेको यो चोक अधिकार खोज्नेदेखि अधिकार प्राप्तीको खुशीयाली मनाउने थलो पनि यही हो । त्यही थलोको संरक्षण संवर्द्धन र सुन्दर बनाउने जिम्मेवारी पनि झापाबासीकै जिम्मेवारी भएको भन्दै लेडी जेसीजले मुक्तिचोकलाई सिंगार्ने काम गरेको अध्यक्ष पौडेलले बताइन् ।

भौतिक संरचना गरिएपनि निरन्तर संरक्षणमा कमी आउँदा उराठ लाग्दा गमला मात्रै रहन पुगेको थियो । तिनै उराठ लाग्दा गमलालाई फुलले रङ्ग्याउँदै विर्ता लेडी जेसीजले मंगलबार गमलादेखि माटोसम्म परिवर्तन गरि फूल रोपण गर्दै त्यसको मुख्य रेखदेखको जिम्मेवारी जिल्ला ट्राफिक प्रहरी कार्यालयलाई अध्यक्ष पौडेलले अनुरोध पनि गरिन् । मन्तव्यकै क्रममा उनले भनिन्-'नगरपालिकाको सहयोगमा एक क्वायल पाइप ट्राफिकलाई हस्तान्तरण गर्छौ, नजिक भएको नाताले तपाईहरुले रेखदेख र पानी हाल्ने जिम्मेवारी लिइदिनुहोला, हामी पनि उपस्थित भएर संरक्षणमा लाग्नेछौं ।' उनले थपिन्-'फूल फुले मात्रै आफू फुले जस्तै अनुभव हुन्छ, यो सबै झापाबासीको जिम्मेवारी पनि हो ।'

वीरता लेडी जेसीजले मंगलबार मुक्तिचोकमा पुष्प रोपण र दुर्घटना न्यूनिकरणमा सहयोग पुर्याउने उद्देश्यले जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख प्रकाश जवेगुलाई ट्राफिक सर्तकता सम्बन्धी सचेतनामुलक नारा लेखिएका बोर्ड प्रदान गरेको छ ।

सो अवसरमा इलाका प्रहरी कार्यालय विर्तामोडका प्रमुख मुकुन्द रिजाल, विर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष कुमार भट्टराई, जेसीजका पूर्व अध्यक्षहरुका तर्फबाट पार्वता खरेल विमली लगायतले मन्तव्य राखेका थिए । महासचिव संगिता गिरीले सञ्चालन गरेको कार्यक्रममा आस्था वाचन शिला उप्रेती र स्वागत रोजिना पाण्डेले गरेका थिए ।


मोनिका लिम्बु

विद्यार्थी, शिक्षक, कर्मचारी
परिचय-पत्रको लागि
कम्प्युटर प्वाइन्ट चन्द्रगढी
भद्रपुर-७ (चन्द्रगढी), झापा
सम्पर्क : ०२३४५५७०६

# भारतीय सिमा नाकाहरू खुला गर्न माग



**–सन्दर्भ समाचारदाता**

झापा । जनता समाजवादी पार्टी नेपालले कोरोना संक्रमणको जोखिमका कारण बन्द गरिएका भारतिय सिमा नाकाहरू तत्काल खुला गर्न माग गरेको छ । जसपाका अध्यक्षद्धय उपेन्द्र यादव र महन्थ ठाकुरले आज विज्ञप्ति जारी गर्दै लामो समयदेखि सिमानाका बन्द हुँदा सिमा क्षेत्रका नागरिकको जनजीवन कष्टकर हुने अवस्थामा पुगेको भन्दै तत्काल सिमानाका खुला गरी व्यवस्थित र सहज बनाउन आग्रह गरेका हुन। लामो समय सिमानाका बन्द गरिँदा सिमा क्षेत्र तराई-मधेसका नागरिकमा कृषि, शिक्षा, स्वास्थ्य उपचार, रोजगार, आर्थिक, समाजिक आदि क्षेत्रमा गम्भीर समस्या देखा परिरहेको जसपाको ठहर छ ।

सीमानाका बन्द हुँदा मुलुककै अर्थतन्त्र धरासयी बनेको विज्ञप्तिमा उल्लेख छ ।










अर्गानिक चिया पिऔं, स्वास्थ्य जीवन जिऔं
ग्रिनहिल टी हाउस
अर्गानिक ग्रिन टी — ध्यू, छुर्पी
गोल्डेन टी — अकवरे खोर्सानी
ह्वाईट टी — किवि फल, ललीपप
अर्थोडक्स टी — ग्राउन एप्पल
हामी कहाँ यी सामग्री सुपथ मुल्यमा उपलब्ध छन्
सम्पर्क : ९८५२६४६४१०, ९८४२६४६४१०
उत्पादक : ग्रिनहिल अर्थोडक्स चिया प्रशोधन उद्योग, साक्फेजुङ्ग-४, इलाम










ओम साई पाथीभरा हस्पिटल प्रा.लि. भद्रपुरमा अब थप नयाँ सेवासहित
❖ल्याप्रोकोपी सर्जरी सेवा ❖स्त्री तथा प्रसुति रोग विशेषज्ञ सेवा ❖नाक, कान तथा घाँटी रोग विशेषज्ञ सेवा :
❖फिजिउसियन विशेषज्ञ सेवा ❖दन्त रोग विशेषज्ञ सेवा :
❖डायलाईसिस सेवा र डायलाईसिस गर्नु पर्दा लगाईने फिस्टुला सेवा ❖ बाल तथा नवजात शिशुरोग विशेषज्ञ सेवा ❖ मानसिक तथा स्नायुरोग विशेषज्ञ सेवा ❖ छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ सेवा
❖ भिडियो एक्स-रे सेवा ❖ मुटुको ईसीजी तथा ईको कार्डियोग्राफी सेवा ❖ पेटको ईण्डोस्कोपी सेवा
फिजियोथेरापी सेवा ❖ एसी क्याबीन तथा जनरल क्याबीन रुम सेवा
चौबिसै घण्टे सेवा : इमरजेन्सी सेवा, सिटी स्क्यान सेवा, डिजिटल एक्स-रे सेवा, प्याथोलोजी (ल्याब) सेवा, फार्मेसी सेवा, एम्बुलेन्स सेवा
भद्रपुर-९, सगरमाथा चौक, झापा, फोन नं. : ०२३-४५६५८१, ४५६९८१ मो. नं. : ९८५२६७८८२०

नयाँ सन्दर्भ साप्ताहिक । प्रकाशक तथा सम्पादक : गोविन्द चन्द छेत्री ९८४२६३७०८४ । कार्यकारी सम्पादक : द्रोण अधिकारी ९८४२६२८७९१ । कार्यालय : भद्रपुर-८, झापा, ०२३५२००९३
सह-सम्पादक : विगम श्रेष्ठ ९८०४९१६३२१। कम्प्युटर:अलिसा श्रेष्ठ । वेनाम सुब्बा । Email : nayasandarva@gmail.com मुद्रण राजु प्रिन्टीङ् प्रेस, विर्तामोड

## सम्पादकीय

### समृद्ध भद्रपुरको सपनामा तुँवालोको छाँया

विकासका दृष्टिले झापाका शहरहरूको भीडमा पुरानो नगर भद्रपुर निकै पछाडि छ। यस नगरको उन्नतिमा उत्तरी झापा बाधक भएको तथ्य भुल्न सकिदैन । भद्रपुरमा बास बस्ने तर उत्तरको उन्नति मात्र सोच्ने राजनीतिक नेतृत्व पहिलो बाधक बन्न पुगेको बिर्सनु हुँदैन। २०२८ साल अगाडिसम्म सम्पन्न भद्रपुर राजमार्ग उत्तर सरेपछि विस्तारै उजाड हुँदै गएको हो। विगतमा जे भए पनि अहिले भद्रपुरको सम्पन्नतासित चन्द्रगढी विमान स्थल र मेची पुल प्रमुख आधार हुन सक्ने सत्य बिर्सनु हुँदैन । विजयकुमार गच्छेदारको कृपाले बल्लतल्ल भद्रपुर स्थित मेची नदीमा निर्माण सम्पन्न भएको मेची पुल बनिएर पनि सही उपयोगमा आउन सकेको छैन। चन्द्रगढी विमान स्थल स्तरीकृत आयोजना पनि सरकारका स्वार्थी प्रतिनिधिहरूको कमाउने भाँडो बनाइने खेल हुँदा सधैँ बिवादमा परिरहेको छ। कहिले उत्तर दक्षिण मुहडा विवाद त कहिले पूर्व पश्चिम धावन मार्ग मुअब्जा विवाद जसले निर्माण मै अवरोध सिर्जना गर्ने गरी विवाद जन्माइरहेको छ।

मेची नदीमा पुल बनाउने योजना २००८ सालदेखि सुरु भएपनि यसले मुर्तरुप लिन ६० वर्ष पर्खनु परेको थियो । सदरमुकाम रहेको भद्रपुरबाट भारत जान मेची नदीमा पक्की पुलको आवश्यकता बढेर गएको भए पनि सरकारी बेवास्ताले ६ दशक अन्यौलमै बितेको प्रष्ट छ। पुल निर्माण सम्पन्न हुन भण्डै दशक पर्खनु परो । निर्माण सम्पन्न भएको मेची पुल सडक सञ्जालमा नजोडिएका कारण भारतबाट ठूला सवारी साधनमा सामग्री आयात वा नेपालबाट भारत निर्यात गर्न सक्ने अवस्था छैन। नेपाल तर्फ भन्सार छ तर भारतले भन्सारको व्यवस्थापन नगर्दा आयात निर्यातमा पूर्ण रूपमा सहजता छैन। जसको असर राजश्व संकलनमा प्रत्यक्ष परिरहेको छ । नेपाल तथा भारतका कर्मचारीको तजविजमा आयात निर्यात व्यापार भर पर्दा चोरी तस्करी बढ्दो छ। नियामकको जिम्मेवारी पाएका सरकारी पक्ष व्रम्हलुट मच्चने गरी दुई हातले सोहोरी रहेका छन्। समृद्धिको सपनामा यिनै छिद्रहरूले प्वाल पारिरहेको सत्य बिर्सनु हुँदैन।

पछिल्लो समय चन्द्रगढी विमानस्थलमाथि धावा बोलेर केही भूमाफिया सक्रिय भएर लागेका छन् । त्यसलाई मलजल गर्ने काम उत्तरका केही नव धनाढ्यले गर्दैछन्। २०२१ सालमा भद्रपुरका स्वयम्भूलाल श्रेष्ठको परिवारले निशुल्क दिएको करीब ५० विगाहा जग्गामा निर्माण भइ अहिले केही जग्गा थपेर १२ महिना सहजै चल्ने बनाइएको विमानस्थलको मूल ढोकामा लात्तले हान्न थालिएको अवस्था छ। भइरहेको विमानस्थलको दक्षिण तर्फको मूल ढोकालाई उत्तरतिर फर्काउने र टर्मिनल भवन पनि सार्ने गरी सरकारी पक्षले डिपिआर तयार पारिसकेको छ। अहिले भइरहेको प्रवेशद्वार प्राविधिक, भौगोलिक, शान्ति सुरक्षा, यातायात, यात्रुको आवागमन बजार सुविधा आदि सबै दृष्टिबाट उपयुक्त छ। तर, उत्तरी भागमा जग्गा किनेर चलखेल गर्न सुरु गरेका भूमाफियाले भद्रपुरका जिम्मेवार जनप्रतिनिधिलाई समेत साझेदार बनाएर घडेरी बेच्ने खेल अगाडि सारेपछि विवाद उग्र हुँदै गएको हो । अन्तराष्ट्रियस्तरको विमानस्थल बनाउने भनेर हल्ला फैलाएर डिपिआर बनाउन भूमिका खेलेका माफिया सञ्जालले विमान स्थल उत्तर दक्षिणका बासिन्दालाई लडाउन समेत प्रपञ्च रचिसकेको अवस्था छ।

बल्ल बल्ल मेची पुल बनियो सहज सञ्चालनका लागि सडक निर्माणमा ढिलासुस्ती किन हुँदै छ ? खोजी गर्ने दायित्व कस्को हो ? चन्द्रगढी विमान स्थल स्तरीकरण हो कि कसैको व्यापार बढाउने खेल ? प्रवेशद्वार सार्नु पर्ने बाध्यता के ? सत्य तथ्य खोजी गरी विरोध वा समर्थन गर्नु पर्ने होइन ? भद्रपुर नगरको समृद्धिको आधारका रूपमा रहेका विमान स्थल र मेची पुल भद्रपुरबासीको उन्नतिका लागि उपयोग हुने वातावरण निर्माण गरिनु पर्छ । समृद्धिमा तुवाँलो ल्याउने काम नगरौं सत्य र तथ्यका आधारमा संरचनाको जीवन्त उपयोगको अवसर सिर्जना गरौं।

# हामी हौं नागरिक, प्रदेश र स्थानीय सरकारका



–प्रदिप नेपाल

नेपालका राजनेता बाठै छन् भन्ने लाग्थ्यो । तर, होइन रहेछ । यिनीहरूको औकात संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रसम्मको मात्र रहेछ। तर, त्यो पनि 'फेल' भयो भनियो र गणतन्त्रमा गइयो । त्यो गएको पनि संघीय लोकतान्त्रिक गणतन्त्रमा ।

राजा वीरेन्द्रको वंशनाश नभएको भए नेपालमा गणतन्त्र आउने नै थिएन । 'दाजु जस्तो टुलुटुलु हेरेर नबस्ने' पछिल्ला राजाको अहंले गणतन्त्र ल्याएको हो । त्यसैले राजावादीहरूले यो पढेर मुख नमिठ्याए हुन्छ।

गणतन्त्रसम्मको रेखा खिच्ने राजनेता मदन भण्डारीले उहिल्यै भन्नुभएको थियो,- 'कुनै एउटा राजा रहने र नरहने भन्ने कुरासँग हाम्रो कुनै मतलव छैन । तर, मुलुकबाट दलाल पुँजीवादको अन्त्य हुनुपर्छ। दलाल पुँजीवादसँगको लडाइँ नै आजको हाम्रो लडाइँ हो।'

हो पनि । नर्वेमा राजा छन्, शायद स्वीडेनमा पनि राजा होलान्, डेनमार्ककी रानी र संसदको लडाइँका बारेमा मैले पढेको थिएँ। रानी गणतन्त्रमा जाने, संसद महारानीलाई नहटाउने। सबैकी प्यारी रानी। नेपालमा यस्ता राजारानीको कल्पना गर्न सकिन्छ ? खै मलाई त त्यो गर्न सकिन्छ भन्ने लागेन।

यतिबेला नेपाल संकटमा छ। न अगाडि बढ्न सक्छ न पछाडि फर्किन सक्छ। राजा ल्याऊ उदेश बचाऊ भन्नेहरूले बुझ्नुपर्छ । राजा त आउनुभएकै थियो नि । खै उहाँबाट पनि देश त बचेन । उहाँले पनि कालापानी फिर्ता लिन सक्नुभएन। उहाँले पनि सिमाना बचाउन सक्नुभएन। राजाका पालामा पनि खाद्यान्न आयात रोकिएन । उहाँको पालामा अन्तर्राष्ट्रिय ऋण घटेन । समुद्री मार्गको लागि उहाँले पनि भारतको विकल्प खोज्न सक्नुभएन।

अहिले जति भएको छ, त्यति राजा आउँदा पनि हुन सकेको थिएन। त्यसैले राजनीतिक रुपमा अब राजाको मूल्य सकियो । अरू हिसाबमा राजाको धेरै मूल्य हुनसक्छ । तर, त्यतातिर जान न पूर्व राजाको चाहना छ, न अरू कसैको चासो नै छ। राजा बोलाउनेहरूले बुझ्नु पर्ने मुख्य कुरो के मात्रै हो, टुलुटुलु हेरेर उहाँलाई खानु न लाउनु पार्नेछ।

अब आउने राजाले आजको मन्त्रिपरिषदको भन्दा बढी काम गर्नुपर्छ । जस्तो कि तेल निकाल्नुपर्छ, अरू खानी निकाल्नुपर्छ, व्यापक जनताको परिचालन गर्नुपर्छ। किनभने राजाको भन्दा बढी काम त केपी ओलीको टिमले गरिसक्यो। जुन काम राजाको शासनले गर्नै सक्दैन।

नेपाल हिन्दु राष्ट्र होइन तर राजावादीहरूले राजालाई धर्मसँगै तानेका छन्। अज्ञानमा मैले आफूलाई पनि पहिले हिन्दु नै ठानेको थिएँ। तर, पढदै जाँदा मलाई थाहा भयो म त खस पो रहेछु।

हाम्रो देशका राजाहरूको पुर्खा मगर रहेछन्। मगरहरू पनि खस नै हुन्। बाहुन बनाइएका मस्टो पुजकहरू पनि खस नै हुन् । जतिबेला खसहरू नेपाल आए, उतिबेलाको चालचलनमा जातपात नै थिएन । धर्म थिएन । देवी देउता पनि थिएनन्।

हतारको काम लतारपतार भन्छन्। हामी त्यस्तो हुन नदिऊँ । सम्पूर्ण अधिकार पालिका सरकारसँग छ भन्ने संघीयताको सच्चाई जनजनमा पुर्‍याऊँ । त्यसपछि डोभल वा कसैले प्रधानमन्त्रीलाई सुटुक्क भेटून् कि नभेटून् हामीलाई के वास्ता।

देवी देउता मान्ने हिन्दु आर्यहरूको आगमन नेपालमा इशाको पहिलो शताब्दीमा भएको हो । शुरा थिए हिन्दु आर्यहरू । मेसोपोटामियाबाट दक्षिण पूर्व लागेका हिन्दुहरूबाट नै जातापात, जनैधारी, जनै नलगाउने कुरो त त्यसपछि पो आएको रहेछ।

म जस्ता अज्ञानी खस हिन्दुहरू लाखौं छन् नेपालमा । अहिलेको ८१ प्रतिशत हिन्दुबाट हामीजस्ता खसलाई अलग गरिदिने हो भने हिन्दुहरूको संख्या आधै घट्छ। पहिले हिन्दु भनिएका किराँतहरूमा पनि स्वतन्त्र ढंगले धर्म छान्न पाए उनीहरू आफ्नै प्रकुति पूजा छान्छन् नि । अनि हिन्दुको प्रतिशत कति हुन्छ ? तपाईंहरू नै भन्नु होस्।

कतिपय विद्वानहरू, दशैं तिहारको आधारमा खसहरू आर्य हिन्दुसँग एकाकार भएको कुरो पनि गर्दा रहेन । दशैं तिहार जस्ता चाडपर्वको अलग्गै अनुसन्धान गर्नुपर्छ । यस्ता राष्ट्रिय पर्वहरू कुनै एउटा जातिको हकमा जाँदैनन् । यिनको आरम्भ परम्परा बनिसकेको छ अहिलेसम्म । दशैं तिहार मस्टो पूजकको भएको छ यतिबेला । अरुको त के कुरा गर्नु र । वुद्ध धर्मालम्बीहरू मजाले मनाउछन दशैं, तिहार।

दलितहरू पनि हिन्दु धर्मसँगै आएका हुन् नेपालमा । मान्छेलाई दलित र अदलित बनाउने भनेको हिन्दु धर्मले नै हो। खसहरू जातपात मान्दैनथे । त्यसैले उनीहरूलाई खसले ल्याए भन्न मिल्दैन।

आर्य भनिने जात मेसोपोटामिया भन्दा पश्चिम जाँदैन । सिन्धु नदी तरेपछि उनीहरू आफूलाई हिन्दु भन्न थालेका हुन्। किनभने उनीहरू "सुलाई" हु बोल्थे। तर खसहरूको उदगम् स्टेपीतिर हो । स्टेपी भनेको सोभियतसंघका पश्चिमका राज्यहरू हुन् । जस्तो कि हँगेरी, बुल्गारिया यस्तै यस्तै।

हाम्रा धेरै नेताहरूले स्वयम् आफूलाई नचिनी राजनीति गरे । आफैंलाई नचिनी राजनीति गर्नेले कसको राजनीति गर्ने हो। नेपालमा धेरै राजनीतिक पार्टी छन्। ती सबैले नेपालका खस र दलितहरूको जात हुँदैन भनेर बेलैमा भनिदिएको भए अहिले यति कठिन घडी आउने थिएन।

खस भए पनि आफूलाई ठूलो मान्नेहरूलाई चोट त लाग्ला नै । तर, असत्यको शान बोकेर बस्नुभन्दा सत्यको चोट बोकेर बस्नु राम्रो कुरा हो। हतारिएर नेताहरूले ल्याएको वर्तमानलाई सकार्नुस् र सुधार्नुस्।

अब फर्किने ठाउँ छैन भन्ने सत्यलाई सबैले बुझ्नुहोस् । अब फर्किने कुराले दलाल पुँजीवाद र ठग नेताहरूलाई फाइदा दिन्छ । राम आए रामसँगै श्याम आए श्याँमसँगै भन्नेहरूको दिन नआओस् भन्ने हो संघीयतालाई जनताको घर दैलोमा पुर्‍याउनुस्।

हतारको काम लतारपतार भन्छन्। हामी त्यस्तो हुन नदिऊँ । सम्पूर्ण अधिकार पालिका सरकारसँग छ भन्ने संघीयताको सच्चाई जनजनमा पुर्‍याऊँ । त्यसपछि डोभल वा कसैले प्रधानमन्त्रीलाई सुटुक्क भेटून् कि नभेटून् हामीलाई के वास्ता। हामी हौं नागरिक, प्रदेश र स्थानीय सरकारका। हाम्रा मागहरू स्थानीय सरकारले पूरा गर्ने हो । पालिका सरकारले राम्रो काम गरे भने जतासुकै जाऊन् झै झगडालाई ठूलो राजनीति मान्नेहरू। साभार थाहाखबर

## लोपोन्मुख जाति सन्थाल

# स्थानीय सरकारबाट पनि उपेक्षित

झापा। झापाको हल्दिबारी गाउँपालिका वडा नम्बर ३ का जीवन किस्कु मजदूरी गरेर परिवार पाल्दै आएका छन् । बुवा श्रीलाल बिरामी छन् । आमा फूलोमनी गाउँकै चिया बगानमा मजदूरी गर्छिन् । हुनत जीवनका हजुरबुवा कुपितनारायण किस्कु तत्कालीन हल्दिबारी गाउँ पञ्चायतका पहिलो प्रधानपञ्च थिए। उनी तीन पटक प्रधानपञ्च चुनिए। उनीहरूको करीब २० बिघा जमीन थियो । अहिले तिनै कुपितनारायणका नाति जीवनको परिवार दैनिक मजदूरी गरेर बाँच्नुपर्ने अवस्थामा छ।

उनी सन्थाल जातिका एक प्रतिनिधि उदाहरण मात्रै हुन् । झापाका लोपोन्मुख सन्थाल जातिको अवस्था जीवन किस्कुको भन्दा खासै भिन्न छैन । ८० प्रतिशत सन्थाल दैनिक छाक टार्न ज्यालादारीको काम गर्छन् । एक, दुई पुस्ता अघि कैयौं बिघा जमीनका मालिक सन्थाल अहिले भूमिहीन सुकुम्बासी छन् । आर्थिक, सामाजिक र राजनीतिक रूपमा ज्यादै उपेक्षित र लोपोन्मुख सन्थाल जातिले २०७४ को स्थानीय र संघीय चुनावपछि आफूहरूको उत्थानका लागि विशेष कार्यक्रम आउने अपेक्षा राखेको थियो । तर कार्यक्रम र बजेटका दृष्टिबाट उनीहरू स्थानीय र प्रदेश सरकारबाट समेत उपेक्षित भएका छन् । तीन वर्षको भोगाइले तिनीहरूलाई निराश बनाएको छ।जस्तोः आर्थिक वर्ष २०७४र७५, २०७५र७६ र २०७६र७७ मा झापाका १५ पालिकाका जनप्रतिनिधिले रु.३० अर्ब ६२ करोड ६१ लाख बजेट खर्च गरेका छन्। तर, यसमध्ये सन्थाल जातिको विकास र उत्थानका लागि जम्मा रु.१ करोड ६७ लाख ५० हजार खर्च गरिएको छ। जिल्ला समन्वय समिति झापाका प्रमुख सोमनाथ पोर्तेल भन्छन्, ˝हाम्रा जनप्रतिनिधिले बाटो बनाउनु मात्रै विकास हो भन्ने बुझे, लोपोन्मुख सन्थालको उत्थानमा उनीहरूको ध्यानै गएन।

मेचीनगर नगरपालिकाका अनुसार नगरका १५ वडामध्ये ९ वडामा सन्थाल जातिको बसोबास छ । जनप्रतिनिधिले गएको तीन आर्थिक वर्षमा रु.३ अर्ब ८९ करोड ८२ लाखको बजेट बनाए । तर, नगरका सन्थालको उत्थानमा बजेट परिचालन भएन। नगरका एक हजार ४७६ सन्थालले जनप्रतिनिधिबाट गरेको आशा खेर गयो । आर्थिक वर्ष २०७६र७७ मा वडा नम्बर १५ ले सन्थाल जातिको लागि जम्मा रु.५० हजार विनियोजन गरेको थियो। तर, त्यो रकम पनि खर्च भएन।

झापाको गौरीगञ्ज गाउँपालिकामा सन्थाल जनप्रतिनिधिका रूपमा गाउँपालिका सदस्य छन् जेठा मुर्मु। तर, उनकै गाउँमा पनि स्थानीय सरकारको आँखा पर्न सकेको छैन । उनी भन्छन्, ˝हाम्रो गाउँमा बाक्लो सन्थाल बसोबास छ, म आफैं जनप्रतिनिधि छु। त्यसैले धेरैले गाउँपालिकाबाट सन्थाल उत्थानका लागि बजेट विनियोजन हुने अपेक्षा गरे। तर, तीन वर्षमा त्यो भएन। हुन पनि आर्थिक वर्ष २०७५र७६ मा गाउँपालिकाले 'सन्थाल समाज उत्थान कार्यक्रम' शीर्षकमा रु.२ लाख विनियोजन गरेको थियो । तर त्यो रकम पनि खर्च हुन सकेन । जेठा मुर्मु भन्छन्, ˝गाउँपालिकाबाट बजेट कार्यान्वयन बारे चासो नै नदिएपछि बजेट फिर्ता गयो।

१२ फागुन २०७६ मा गाउँपालिकाको बघाचौधरीमा 'सन्थाल सांस्कृतिक अन्तरक्रिया' कार्यक्रम गरिएको थियो । मुर्मुको नेतृत्वमा सन्थाल संस्कृतिलाई कसरी जोगाइराख्ने भन्नेबारे नेपाल-भारतका अगुवाबीच बहस भएको थियो । त्यो कार्यक्रममा रु.७० हजार खर्च भयो । जेठाले माग गर्दा पनि गाउँपालिकाले जम्मा रु.५० हजार मात्रै भुक्तानी दियो भने बाँकी रकम जेठा आफैंले जोहो गरे। उनी भन्छन्, ˝धेरै पटक माग गर्दा पनि नपाएपछि रु.२० हजार मैले नै जोहो गर्नु पर्‍यो।

सुकोल मुर्मु बाह्रदशी गाउँपालिका वडा नम्बर १ का वडा सदस्य हुन् । उनले आर्थिक वर्ष २०७६र७७ का लागि गाउँपालिकासमक्ष सन्थाल जातिको उत्थानका लागि रु.२० लाख विनियोजन



झापाको झापा गाउँपालिका वडा नं. २ कुमरखोदस्थित सन्थाल जातिका लागि निर्माण गरिएका घरहरू।

गर्न माग गरेका थिए । उक्त रकमबाट सन्थाल जातिका युवा तथा महिलालाई व्यावसायिक पशुपालन गराउने योजना थियो । गाउँपालिकाको मान्डारबारी सन्थाल गाउँ, साधुपती सन्थाल गाउँ, जियन मार्सल सन्थाल क्लब र स्वतन्त्र सन्थाल महिला क्लबलाई पाँच-पाँच लाख रुपैयाँ वितरण गरी पशुपालनका कार्यक्रम अघि बढाउने योजना थियो। तर, गाउँपालिकाले उनको प्रस्तावलाई रु.७ लाख मात्रै दियो । सुकोल भन्छन्, ˝बजेट थोरै भयो भनेर मैले गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृतसहितलाई कुरा राखें। तर, सुनुवाइ भएन।

गाउँपालिका र सन्थाल समुदायबीच आवश्यक समन्वय हुन नसक्दा निर्माण सम्पन्न भएको एक वर्ष बितिसक्दासम्म सन्थाल परिवारहरूले यी घरहरू प्राप्त गर्न सकेका छैनन्।

बाह्रदशी गाउँपालिकाका जनप्रतिनिधिले गएको तीन आर्थिक वर्षमा रु.१ अर्ब ७४ लाखको बजेट बनाए । त्यसमध्ये सन्थाल लक्षित बजेट रु.१३ लाख मात्रै रहेको सूचना अधिकारी चेतनाथ न्यौपाने बताउँछन्।

झापाकै शिवसताक्षी नगरपालिकाका जनप्रतिनिधिले सन्थाल जातिको लागि आर्थिक वर्ष २०७ ५र७६ मा रु.३ लाख विनियोजन गरेका थिए, 'सन्थाल संस्कृति उत्थान' शीर्षकमा । तर, त्यो कार्यक्रम कार्यान्वयन नै भएन। बजेटबारे आफूहरूलाई कुनै जानकारी नभएको शिवसताक्षी २ धरमपुरका सन्थाल अगुवा बाबुलाल मर्डी बताउँछन्।˝नगरपालिकाले बजेट विनियोजन गरेको बारे हामीलाई जानकारी छैन मर्डीले भने˝जानकारी भएको भए त, बजेट खेर जाने थिएन । उनी आदिवासी जनजाति महासंघ शिवसताक्षी नगर सदस्य समेत हुन्।

झापाको कुमरखोद उत्तरमा रातो जस्तापाता लगाएका एकै रंगका २० वटा पक्की घर बनाइएका छन्। शौचालयसहित तीन कोठाका पक्की घर झापा गाउँपालिकाले वडा नम्बर २ का अतिविपन्न तथा लोपोन्मुख सन्थाल जातिको लागि बनाएको हो। घर निर्माण भएको एक वर्ष बितिसक्यो । तर, अहिलेसम्म ती घरहरू सन्थाल परिवारले पाएका छैनन् । तर ई-मधेश समृद्धि कार्यक्रमअन्तर्गत रु.९५ लाखमा सन्थालका लागि घर बनाइएको गाउँपालिका अध्यक्ष जयनारायण साह बताउँछन्।

घर निर्माणप्रति सन्थालहरू असन्तुष्ट भएकोले गाउँपालिकाले घर वितरणका लागि तीन पटक आह्वान गर्दा पनि आवश्यक संख्यामा निवेदन परेको छैन । ˝हाम्रा लागि घर बनाउन थाल्नुअघि कम्तीमा एक पटक हामीसँग छलफल गर्नुपथ्र्यो



नेपाल सन्थाल विकास संघ झापाका सदस्य चन्दन टुडु भन्छन्,˝सन्थालका लागि घर बनाउने निर्माण समितिमा पनि हामीलाई राखिएन। त्यसैले सन्थालहरू खुशी भएर गाउँपालिकाले बनाएको घरमा सर्न तयार छैनन्। सन्थालसँग गाउँपालिकाले सामान्य छलफल समेत नगरी घर बनाएकोले उनीहरू घर लिन तयार नभएको चन्दनको कथन छ।

गाउँपालिकाले सन्थाल जातिलाई सामान्य सहयोग समेत नगरेको अर्का अगुवा मण्डल मर्डीको आरोप छ । उनले भने, ˝लिखित निवेदन दिएर १५ हजार सहयोग माग्दा समेत गाउँपालिकाले हामीलाई वास्ता गरेन।

झापा गाउँपालिकाका सन्थालले २०७६ मा सन्थाल जातिको जनसंख्या, शैक्षिक स्थितिलगायत पत्ता लगाउन पालिकाभित्र आन्तरिक जनगणना गरेको थियो । उक्त कार्यका लागि तथ्यांक संकलन गर्ने १५ जना कर्मचारीलाई एक हप्ताको पारिश्रमिक दिन गाउँपालिकासँग सहयोग माग गरेको मर्डीले बताए। उनी भन्छन्, ˝त्यति सानो सहयोग पनि नपाएपछि प्रत्येक सन्थाल परिवारबाट एक।एक सय रुपैयाँ सहयोग उठाएर आन्तरिक जनगणना सम्पन्न गरियो । झापा गाउँपालिकामा जिल्लामा सबैभन्दा बढी सन्थालको बसोबास छ। त्यहाँ ४ हजार ६४४ सन्थाल छन्।

नेपाल सन्थाल विकास संघका जिल्ला अध्यक्ष बडाराम हेमरमले २०७५।७६ र २०७६।७७ दुई आर्थिक वर्षमा जातीय उत्थान कार्यक्रमका लागि बजेटको व्यवस्था गरिदिन भनेर हल्दिबारी गाउँपालिकामा लिखित निवेदन दिएका थिए। निवेदनपछि उनले गाउँपालिका अध्यक्ष रवीन्द्र लिङ्देन र उपाध्यक्ष डम्बर गिरीसँग कुरा गरे । तर, निवेदनअनुसार गाउँपालिकाले सहयोग नगरेको हेमरमको भनाइ छ।

˝गाउँपालिकामा समावेशी समिति छ । अध्यक्ष, उपाध्यक्षले उक्त समितिलाई बजेटको व्यवस्था गरेकाले त्यहींबाट मिलाउन भने हेमरमले भने, ˝आदिवासी जनजातिभित्र धेरै जातजातिको सहभागिता रहेकाले त्यहाँबाट छुट्टै बजेटको व्यवस्था गर्न सम्भव भएन । हल्दिबारीमा दुई हजार ९७ जना सन्थालको बसोबास छ । उनीहरूका लागि गाउँपालिकाले तीन आर्थिक वर्षमा जम्मा रु.१ लाख ९५ हजार खर्च गरेको छ।

झापाका १५ वटै पालिकामा सन्थाल जातिको बसोबास छ। जनगणना २०६८ अनुसार झापामा ३० हजार ७७३ सन्थालको बसोबास छ । जिल्लाभित्र बोलिने मातृभाषाहरूमध्ये सन्थाल भाषा पाँचौं नम्बरमा पर्छ। झापामा चार जना मात्र सन्थाल जनप्रतिनिधि छन्, ती पनि अधिकांश वडा सदस्य।

गौरीगञ्ज गाउँपालिका सदस्य जेठा मुर्मु, बाह्रदशी गाउँपालिका १ का वडा सदस्य सुकोल मुर्मु र झापा गाउँपालिका २ की महिला वडा सदस्य मराङमई हस्दा हुन् । त्यस्तै कनकाई नगरपालिका ७ का माराङ

बाँकी पृष्ठ ४ मा

# रुसी साझेदारमार्फत भारतमै भ्याक्सिन उत्पादन हुने



**–एजेन्सी**

रुसी कोरोना भ्याक्सिन उत्पादक कम्पनीले स्थानीय साझेदारमार्फत भारतमै भ्याक्सिन उत्पादन गर्ने घोषणा गरेको छ । स्पुतनिक भी नामको उक्त भ्याक्सिन उत्पादनका लागि भारतको हेटेरो नामक औषधि उत्पादक कम्पनीसँग साझेदारी थालिएको हो ।

'हेटेरो भारतको अग्रणी औषधि उत्पादक कम्पनीमध्येको हो । हेटेरोसँग बर्सेनि १० करोड डोज भ्याक्सिन उत्पादन गर्ने सम्झौता भएको छ' रुसी डाइरेक्ट इन्भेस्टमेन्ट फण्ड(आरडिआइएफ)ले शुक्रबार एक वक्तव्य जारी गर्दै भनेको छ । आरडिआइएफले उक्त भ्याक्सिनको बजार प्रवर्धनमा भूमिका खेल्दै आएको छ । आरडिआइएफको वक्तव्यमा सन् २०२१ को प्रारम्भबाटै भारतमा भ्याक्सिनको उत्पादन थालिने अपेक्षा लिइएको उल्लेख छ ।

रुसले उक्त खोप ९५ प्रतिशत प्रभावकारी ठहरिएको दाबी गर्दै आएको छ । पाँच महिना लामो पटकपटकको परीक्षणपछि रुसले यस्तो दाबी गरेको हो । यद्यपि तेस्रो तथा अन्तिम चरणको परीक्षण जारी छ । ४० हजार जनामाथि जारी अन्तिम परीक्षणको नतिजा केही दिनमै आउने अपेक्षा गरिएको छ ।

भ्याक्सिन उत्पादक कम्पनीले स्पुतनिक भी अन्यभन्दा सस्तो हुने बताएको छ । कम्पनीका अनुसार अन्तर्राष्ट्रिय बजारमा स्पुतनिक भी प्रतिडोज १० अमेरिकी डलर (झण्डै ११८० रुपियाँ) मा उपलब्ध हुनेछ।

भारतबाहेक चीन दक्षिण कोरिया ब्राजिल लगायतका देशमा पनि स्पुतनिक भीको उत्पादन हुनेछ । 'यो भ्याक्सिन आफ्नो जनसंख्यालाई कोरोना भाइरसबाट जोगाउन चाहने प्रत्येक देशको भ्याक्सिन कार्यक्रमको अभिन्न अंग बन्नुपर्छ भन्नेमा म विश्वस्त छु' आरडिआइएफका प्रमुख किरिल दिमित्रेभले वक्तव्यमा भनेका छन् ।

# दहीले शरीरलाई स्वास्थ्य राख्न मद्दत गर्छ



**–एजेन्सी**

दही बहु उपयोगी खानेकुरा हो । पर्याप्त पौष्टिक तत्वले भरिएको दहीमा क्याल्सियम, प्रोटिन र भिटामिन पाइन्छ । यसको सेवनले हाम्रो शरीरलाई स्वस्थ राख्न मद्दत गर्छ । दहीलाई फरक-फरक तरिकाले प्रयोग गर्नाले यसबाट धेरै किसिमका स्वास्थ्य समस्याबाट छुटकारा पाउन सकिन्छ ।

पसिनाको दुर्गन्धबाट राहत :– पसिनाको दुर्गन्धको समस्या भएका मानिसहरुले दही र बेसनको मिक्सचरबाट शरीर मालिस गरी केही समयपछि नुहाउनाले समस्याबाट छुटकारा पाउन सकिन्छ ।

हड्डी बलियो बनाउँछ :– दहीको नियमित सेवनले हाम्रो शरीरमा हुने हड्डीहरुलाई मजबुत बनाउन मद्दत गर्छ । दहीमा प्रशस्त मात्रामा उपलब्ध हुने क्याल्सियमले हड्डी मजबुत बनाउन सहयोग गर्छ ।

मुटुसम्बन्धी समस्यामा उपयोगी :– दहीले हाम्रो शरीरमा रहेको कोलेस्ट्रोल कम गर्न सहयोग गर्छ । यसले गर्दा मुटुसम्बन्धी समस्याको खतरा कम हुन्छ ।

जोर्नीको दुखाइमा राहत :– दहीलाई हींगसँग मिलाएर खानाले जोर्नीको दुखाइबाट राहत पाउन सकिन्छ ।

पाचन प्रक्रियामा सुधार :– दहीमा प्राप्त हुने सुगर एसिडले हाम्रो शरीरको पाचन प्रक्रियालाई बलियो बनाउन सहयोग गर्छ । जसले गर्दा पाचन प्रक्रियालाई नियमित बनाउँछ ।तौल बढाउन सहयोगी :– दहीमा किसमिस वा बदाम मिलाएर खानाले तौल कम हुनेहरुलाई तौल बढाउन मद्दत गर्छ ।

स्किनलाई चमकदार बनाउँछ :– दहीमा कागतीको रस मिलाएर शरीरमा लगाउनाले छालालाई चम्किलो र आकर्षक बनाउँछ ।

कपालका लागि उपयोगी :– कपाललाई पाँच मिनेटसम्म दहीले मालिस गरेर नुहाउनाले कपाल चम्किलो र सिल्की बन्छ ।

चायाँ हटाउन सहयोगी :– दहीमा मरिचको धूलो मिसाएर टाउको नुहाउनाले चायाँको समस्याबाट छुटकारा पाउन सकिन्छ । सातामा दुई पटक दही र मरिचको धूलो मिसाएर नुहाउनाले चायाँबाट उल्लेख्य रुपमा छुटकारा पाउन सकिन्छ ।

निद्रासम्बन्धी समस्याबाट छुटकारा :– दैनिक एक कचौरा दही खानाले निद्रा नलाग्ने समस्याबाट छुटकारा मिल्छ ।

## केही खराब पुरूष वर्गका व्यवहारका कारण

# सम्पूर्ण पुरूष जातिलाई दोष लगाउनु न्याय होला त ?



**–लक्ष्मी रेग्मी**

हुन त एउटी महिला भएर पुरूषको वकालत गरेको भनी मेरै समूहबाट मलाई बहिष्कार गरिने प्रबल सम्भावना देख्छु । तर पनि सत्य र यथार्थको पक्षमा केही लेख्ने जमकी राख्दै जोखिम मोल्न चाहें । वास्तवमा नारी शक्ति हुन् भने पुरूष सहनशक्तिका पर्याय हुन् । धैर्यताका नमूना हुन् ।

आजभोलि पत्नी पीडितरपती पीडित भन्ने शब्दहरू निकै चलनचल्तीमा रहेको पाइन्छ। पति वा पत्नीले भनेका हरेक चाहिँदा या नचाहिँदा कुरा मानिदिँदा पाइने दर्जा हो यो । यस्तो अवस्थामा तुलनात्मक रूपमा जो बढी पीडित छ उसलाई समाजले पीडित समूहको अध्यक्षको पदमा विभूषित गरेको सुनिन्छ । कतिपय अवस्थामा पुरूषका तिनै सहनशिलता तथा सौहार्दताको फाइदा महिलाले उठाइरहेको पाइन्छ ।

प्रख्यात दार्शनिक सुकरात पनि आफ्नी धर्मपत्नीसँग आजित भएर आफू दार्शनिक बनेको कुरा उनका भनाइहरूमा उल्लेख भएको पाइन्छ ।

परिवारमा सधैं कचकच र अशान्ति हुनुभन्दा मर्नुभन्दा बौलाउनु बेस् ठान्दै खसीलाई पर्सिदा मानो मानो भनेजस्तै चित्त नबुझ्दा नबुझ्दै पत्नीका कतिपय मागहरू पूरा गरी रहेका हुन्छन् । वास्तवमा सही अर्थमा को पीडित छन् त ?खुट्याउन जरूरी छ ।

विवाह गर्नुअघि दाजुभाइबीच झगडारमनमुटाव परेको समाजमा हामीले कमै मात्र सुनेका हुनुपर्दछ। तर विवाहपश्चात कलहको बिउ रोपिन्छ । जब-जब दाजुभाइबीच झगडा भएको सुनिन्छ अपवादबाहेक त्यहाँ जहिले पनि महिलाको उपस्थिति रहेको हुन्छ । नङ र मासु जस्तै छुट्टिन नसक्ने गरी मिल्ने दाजुभाइ एकाएक बैरी भइदिन्छन् जसको अधिकांश कारण महिला नै हुने गर्दछन् । असल महिला परिन् भने परिवार जोडिन्छन्, खराब महिला परिन् भने परिवार बिखण्डित हुन्छ र त्यस पीडाको भागिदार पुरूष हुन्छ ।

पुरूष भनेको कठोर हुनुपर्दछ । निडर हुनु पर्दछ । भावनामा बगेर लोग्ने मान्छेले कहिल्यै आँसु बगाउनु हुँदैन । नारीको रक्षक बन्नु पर्दछ । यस्तै खालका अर्तीउपदेशका कुराहरूले बेलुन झैं फुलाउँदै बाल्यावस्थादेखि नै एउटा पुरूषलाई हुर्काउँदै सामाजिकीकरण गर्दै आउँछ समाज ।

के पुरूषको भावना हुँदैन र ? महिलालाई दुख्दा पुरूषलाई दुख्दैन र ? नभए महिलाको आँसुलाई सहज र जायज मान्ने समाजले पुरूषको आँसुलाई किन असहज ठान्दछ ?एउटा पुरूष आक्रामक र हिंस्रक हुनुमा उसले आफ्ना मन भित्रका कुण्ठित भावनाहरू व्यक्त गर्न नसक्दाको नतिजा पो हो कि ? विभिन्न मानसिक तनावबाट गुज्रिरहेको अवस्थामा कसैसँग आफ्ना भावनाहरू व्यक्त गर्न अत्यन्त आवश्यक हुन्छ जसले धेरै हदसम्म तनाव मुक्तिमा मद्दत पुर्याउँदछ ।

पति भनेका पत्नीहरूका 'क्रोध विसर्जन गर्ने बैंक' हुन्। परिवारका कुनै सदस्यसँग चित्त नबुझेका खण्डमा पत्नीले सोही बैंकमा डिपोजिट गरिदिए पुग्छ।एउटा यस्तो बैंक जसले बोनस मात्र दिन्छ । रिसको बदलामा प्यार । तर एउटा पुरूष भएर मनन गरौं न उसलाई कति कष्ट छ परिवारलाई मिलाएर राख्न । श्रीमतीले भनेको मानौं जोइटिङ्गेको उपनाम कमाइने, परिवारले भनेको मानौं श्रीमतीजी आगो ।

शताब्दीऔंदेखि समाजमा सम्पत्तिमाथि पुरूषको एकाधिकार थियो । पितृसत्ताको राज थियो । जसमा महिलाहरूले धेरै दुःख कष्ट भोग्नु पर्यो । सम्पत्तिमा एकलौटी राज गर्न पाउने भएकाले उनीहरूले महिलाहरूलाई 'कठ्पुतली' बनाएर राखेको इतिहास साक्षी छ । तर अहिले समय फेरिएको छ । कानूनी व्यवस्थामा फेरबदल आएसँगै विस्तारै सम्पत्ति माथिको अधिकार महिलाको हातमा जान थालेको छ र पुरूषहरू सम्पत्तिविहीन बन्दै छन् । महिलाका नाममा घर जग्गा किनबेच गर्दा रजिष्ट्रेसनमा सहुलियतको लोभ लालसाले आजभोलि ग्रामीण तथा सहरी क्षेत्रमा श्रीमतीको नाममा सम्पत्ति राख्ने चलन बढ्दो छ । परिवारको आर्थिक पक्षको जिम्मेवारी महिलामा भन्दा पुरूषमा बढी हुने गर्दछ। मेरो नजिकको आफन्तको घटना सम्झन्छु ।

नेपालमा दुःख गरेर परिवारको खर्च धान्न नसकेपछि पुरूष विदेसिन्छन् । खाडी मुलुकको गर्मीमा परिवारलाई झल्झली सम्झँदै बचाएर पठाएको रकम नियमित रूपमा श्रीमतीलाई पठाइरहन्छन् । फर्केर आउँदा त जुन दलालले विदेश पठायो, उसैसँग आफ्नी श्रीमती टाप् । बिचरा ती पुरूष अहिले मानसिक रूपमा विक्षिप्त छन् । पुरूष ठगिएका र अन्यायमा परेका यस्ता कयौं उदाहरणहरू छन् । वैदेशिक रोजगारीले नेपाली समाज विखण्डनको बाटोमा अग्रसर हुँदैछ ।

परिवाररूपी रथका दुई पाङ्गाका रूपमा महिला र पुरूषलाई लिइन्छ । यस रथलाई बिना दुर्घटना गन्तव्यसम्म पुर्याउन अर्थात हाँसीखुसी सहज रूपले जीवन बिताउन महिला वा पुरूषले एक अर्कालाई होच्याउने, दबाउने तथा जीत र हारको प्रतिस्पर्धा गर्नेभन्दा एकअर्काको भावनालाई सम्मान गर्न जरूरी छ । महिलामाथि हुने हिंसा र पीडाको कारक कतिपय ठाउँमा पुरूष नभएर महिला नै हुन्छन् । टेलिभिजनमा दैनिक हेरिने अधिकांश सिरियलहरूमा भिलेन महिला नै हुन्छन् । हो महिलामाथि विभेद भएकै हो । अहिले पनि असह्य दुःख, कष्ट र पीडामा महिलाहरू छन् र यिनै विभेदको अन्त्य गर्न विभिन्न खाले आन्दोलनहरू भए जुन जरूरी पनि थियो । तर पुरूषहरू पनि अदृष्य रूपमा विभेदमा परेकै छन् । फरक यत्ति हो पुरूषहरू महिलाले जसरी सहज रूपले आफ्ना पीडा प्रकट गर्न सक्दैनन् । उनीहरू कसैले कागले कान लग्यो भन्दैमा कान नछामी कागको पछि दौडिनको साटो पहिला आफ्नो कान छाम्छन् । सबै पुरूषहरूले महिला हिंसा गर्छन् भन्ने आरोप लगाउन मिल्दैन ।

बोरामा रहेको एउटा आलु कुहियो भन्दैमा सबै आलु बिग्रेको भन्न मिल्छ र ? कुहिएका आलु फालिदिँदा अन्य आलुहरू सुरक्षित भएझैं केही खराब पुरूष वर्गका व्यवहारका कारण सम्पूर्ण पुरूष जातिलाई दोष लगाउनु न्याय होला त ?












# देशको समृद्धि नचाहने तत्व सरकारविरुद्ध लागेका छन् : प्रम ओली



ताप्लेजुङ । प्रधानमन्त्री केपी शर्मा ओलीले वर्तमान सरकारको लोकप्रियतालाई देखेर आत्तिएका विभिन्न पक्षले सरकार परिवर्तन हुँदैछ भन्ने नकारात्मक सन्देश फैलाएको आरोप लगाएका छन् ।

ताप्लेजुङको हिमाली गाउँ घुन्सामा स्थापित सामुदायिक स्वास्थ्य एकाइ भवनको सोमबार उद्घाटन गर्दै उनले सरकार मुलुकको समृद्धिका लागि चौतर्फीरुपमा लागिपरेको जनाउँदै देशको समृद्धि नचाहने मान्छे विभिन्न तत्व सरकारविरुद्ध लागेको बताए । उनले सरकारविरुद्ध भइरहेका भ्रमपूर्ण प्रचारको पछि नलाग्न सबैमा आग्रह गरे। "हामी समृद्धिका लागि अघि बढिरहेका छौँ तर केही पक्ष लोकतान्त्रिक प्रणालीविरुद्ध भ्रम फैलाइरहेका छन्, यो कार्य त्रुटिपूर्ण हो, प्रधानमन्त्री ओलीले भने ।

अर्को एक प्रसंगमा उनले छिमेकी मुलुकसँगको सम्बन्धलाई सुदृढ गर्ने नीति सरकारले लिएको बताए। छिमेकी भारतद्वारा मिचिएको भूमि फिर्ता लिन गर्न गरेको प्रयास, भारत र चीन दुवैसँगको सम्बन्धलाई अझ सुधार, बन्द नाका खोल्ने जस्ता कार्यले वर्तमान सरकार सफल हुँदै गएको उनको भनाइ थियो। उनले घुन्सा जस्तो दुर्गम गाउँ आगामी तीन वर्षमा नै सुगममा परिणत हुने बताउँदै यस क्षेत्रको विकासका लागि यातायातलगायत पूर्वाधार निर्माणमा सरकारले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।

यस्तै, हालसम्म कञ्चनजङ्घामा आउने पर्यटकका लागि लिनुपर्ने विशेष अनुमति प्रावधान खारेज गरिने र पर्यटकका लागि सो क्षेत्र खुला गरिने उनले बताए। घुन्सावासीले राखेका विभिन्न मागलाई सरकारले ध्यान दिनेसमेत उनको भनाइ थियो। सो अवसरमा प्रधानमन्त्रीकी धर्मपत्नी राधिका शाक्यले घुन्सा आधारभूत विद्यालयका १० विद्यार्थीलाई रु पाँच लाखको छात्रवृत्ति दिने भएकी छन्। उनले ज्येष्ठ नागरिकलाई न्यानो कपडासमेत वितरण गरेकी थिइन। कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेशकुमार भट्टराई, प्रदेश नं १ का मुख्यमन्त्री शेरधन राई, नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का नेता सुवास नेम्बाङलगायतको सहभागिता थियो ।

# सिंहदरबारतिर हेरेको नसोचौं: काँग्रेस प्रवक्ता



–प्रवक्ता : विश्वप्रकाश

काठमाडौं । नेकपा पार्टीभित्र द्वन्द चलिरहेका बेला प्रधानमन्त्रीले विपक्षी दलका नेतासँग भेट गरेको विषयमा भइरहेको टिप्पणीलाई लक्षित गर्दै काँग्रेसले अहिले सरकारमा सहभागी हुने कुनै सम्भावना नरहेको बताएको छ । शनिबार प्रधानमन्त्री ओली र काँग्रेस सभापति देउवाबीच भेटवार्ता भएको थियो ।

सोमबार काँग्रेस प्रवक्ता विश्वप्रकाश शर्माले, संसदीय प्रणालीमा प्रधानमन्त्री र प्रतिपक्षी दलका नेताको बीचमा हुने भेटघाटका निश्चित विषयवस्तु र कार्यसूची हुनैपर्छ भन्ने नभएको बताए । उनले भने- "सामान्यतया संसदीय प्रणालीमा प्रधानमन्त्री र प्रतिपक्षी दलको नेताको बीचमा भेटघाट हुनका लागि यो विषयवस्तु र त्यो विषयवस्तु भनेर सूचीका साथ हुनुपर्छ भन्ने कुरा उचित जस्तो लाग्दैन । लोकतान्त्रिक व्यवस्थालाई सुसँस्कृत बनाउने हो भने निरन्तर भेटघाट र संवाद हुनु राम्रो कुरा हो ।"

उनले प्रधानमन्त्रीले सत्तामा सहभागि गराउने 'अफर' काँग्रेसलाई गरेको हो की भन्ने आशंका नगर्न पनि आग्रह गरे ।

उनले भने- "५ वर्षका लागि प्रतिपक्षीमा रहने जनादेश छ । हामी सत्ताका लागि लालायित छैनौं । नेकपाभित्रको द्वन्दमा हामी पुरै निरपेक्ष छौं । उहाँहरुको कुनै प्रकारको जोड घटाउ हुँदै गर्दा प्रतिपक्षी टाउको गणना गर्ने काम कतैबाट नहोस भन्ने हो ।" भोलिको दिनमा नेकपा एउटै बाटोमा जान्छ भन्ने टुंगो नभएको उल्लेख गर्दै शर्माले भने- "उनीहरु एउटा निश्चित टुंगोमा नपुग्दा सम्म नेपाली काँग्रेसले टिप्पणी गरिराख्नुपर्ने, धेरै चासो राख्नुपर्ने र सत्तारुढ दलमा केही द्वन्द भयो भन्दैमा काँग्रेसले सत्ताका लागि खुट्टा उचालिहालेको वा अलिकति उज्यालो अनुहारका साथ सिंहदरबारतिर हेरेको नसोच्न आग्रह गर्दछु ।"

# श्री सदन सर्वसाधरणका लागि खुला



स्व. राजा वीरेन्द्र वीरविक्रम शाहले प्रयोग गरेको निवास श्री सदन सर्वसाधरणका लागि खुला गरिएको छ । दरबार हत्याकाण्डमा राजा वीरेन्द्रको वंशनाश भएपछि श्री सदनमा ताला लागेको थियो । अब आमजनताले नारायणहिटी दरबार, श्रीपेचसँगै राजा वीरेन्द्र र उनको परिवारले प्रयोग गरेको निवास अवलोकन गर्न पाउनेछन् ।

५२ कक्षका सबै ढोकाका नाम हिमालबाट र सबै कोठाहरूका नाम जिल्लाबाट राखिएको छ श्री सदनमा राजा वीरेन्द्र र रानी ऐश्वर्यले प्रयोग गरेका सामग्रीहरू छन् । नारायणहिटी संग्रहालयबाट महेन्द्र मञ्जिल हुँदै श्री सदन पुगिन्छ । नेपालको राजसंस्थासँग जोडिएका अन्य ऐतिहासिक पुरातात्विक वस्तु यहाँ छन् ।

श्री सदनभित्र छिर्दा तत्कालीन राजपरिवारको जीवनशैली बुझ्न सकिन्छ। सदनको निर्माण २०२३ सालमा भएको हो । उमेर पुगेका युवराज र राजा एउटै घरमा बस्नु हुन्न भन्ने राजपरम्पराअनुसार वीरेन्द्रका लागि श्री सदन बनेको थियो। स्व। मोतीरत्न स्थापितको नेतृत्वमा श्री सदन निर्माण भएको हो । नेपाली शैलीको यो भवनमा टायल, काठ, सिमेन्ट, देवीदेवताका मूर्ति कुँदिएका ढोकाहरू छन्। सात रोपनी पाँच आना जग्गामध्ये ७ आना दुई पैसा क्षेत्रफलमा यो भवन ठडिएको छ ।

# वर्कफर नेपालले अस्पताललाई उपकरणहरु प्रदान

– **सन्दर्भ समाचारदाता**

दमक । झापाको कमल गाउँपालिका ६ स्थित वर्कफर नेपालले झापा र मोरङका विभिन्न सरकारी अस्पताललाई करिव रु २ करोड ५० बरावरको उपकरणहरु प्रदान गरेको छ ।

झापाको मेची अञ्चल अस्पताल, दमकको आम्दा अस्पताल , मोरङको विराटनगरस्थित कोशी अस्पताल प्राथमिक स्वास्थ्य केन्द्र,स्वास्थ्य चौकीहरुको विकासका लागि रु २ करोड ५० लाख मूल्य बराबरका अस्पतालजन्य सामाग्रीहरु प्रदान गरिएको संस्थाका अध्यक्ष त्रिलोचन अधिकारीले वताए ।

संस्थाले अन्तराष्ट्रिय गैरसरकारी संस्था हेल्पिङ हेण्ड फर रिलिफ एण्ड डेभलपमेन्ट नेपालको सहकार्यमा गत दुई बर्षको अवधिमा ती अस्पताल सामाग्रीहरु दिएको उनले जनाएका छन् ।

सोहि परियोजनामार्फत अस्पतालको स्तरन्नतिका लागि यसवर्ष नै थप २ करोड बढीको अस्पतालजन्य उपकरणहरु वितरण गरिने तय भएको संस्थाले जनाएको छ ।

वर्कफरले गरीवी निवारणका लागि समुदायमा स्वच्छ खानेपानीको उपलब्धता,स्वास्थ्य,शिक्षा,सीप सम्बन्धी शसक्तीकरणका कार्यक्रमहरु सञ्चालन गरिआएको छ । २०१८ देखि शुरु भएको सो परियोजना ५ बर्षसम्म सञ्चालन हुने छ ।

# लिफ्ट सहितको तालिम केन्द्र भवनको शिलान्यास



झिलझिले । शिवसताक्षी नगरपालिकामा अढाई करोडको लागतमा तालिम केन्द्र भवन निर्माण हुने भएको छ । गोपाल गौरी दिगो विकास प्रतिष्ठानले ४ तलाको दुईवटा तालिम केन्द्र भवन निर्माण गर्न लागेको हो । एक कार्यक्रमका बिच बुधबार भवनको शिलान्यास गरिएको छ । प्रतिष्ठानकी केन्द्रिय अध्यक्ष इन्दिरा गौतमले आफ्नो जाय जेथाबाट खरिद गरेको २२ धुर जग्गामा भवन निर्माण हुने भएको गोपाल गौरी दिगो विकास प्रतिष्ठानका झापा अध्यक्ष भद्र दुमी राईले बताए ।

उक्त भवनमा सिलाइ, ढाकाका आइटम, पार्लर र प्रतिष्ठानले उत्पादन गरेका वस्तुको प्रदर्शनी कक्ष रहने छन् । यो संगै प्रतिष्ठानको जन–सम्पर्क कार्यालय पनि भवनको एक कोठामा रहने छ । प्रतिष्ठानकी केन्द्रीय अध्यक्ष इन्दिरा गौतमका अनुसार २ करोड ५० लाखको लागतमा भवन निर्माण हुने भएको हो । गोपाल गौरी दिगो विकास प्रतिष्ठानले बनाउने भवनमा शिवसताक्षी नगरमा पहिलो पटक लिफ्ट जडान हुने भएको छ । सेवाग्राही र प्रशिक्षार्थीको सुविधाका लागि भवनमा लिफ्ट जडान हुने भएको हो ।

शिवसताक्षी नगरपालिका वडा नम्बर ११ मा कार्यालय रहेको उक्त संस्थाले प्रतिष्ठानकी अध्यक्ष इन्दिरा गौतम बाट २२ धुर जग्गा अनुदान पाएको थियो । सोही जग्गा क्षेत्रमा अत्याधुनिक प्रकृतिको भूकम्प प्रतिरोधात्मक भवन निर्माण हुने भएको हो ।

प्रतिष्ठानकी अध्यक्ष गौतम एकल महिला हुन् । श्रीमान् र ३ छोराको अवसान भएपछि बिरक्तिएको मन बुझाउन सामाजिक क्षेत्रमा आफू क्रियाशील रहेको उनले बताएकी छन् । 'पीर खप्न नसकेर पटक पटक आत्महत्याको प्रयास गरैं, तर समस्यासँग भाग्नु भन्दा पनि जुध्न इच्छा भएर सामाजिक क्षेत्रमा क्रियाशील बनेकी हुँ,' उनले भनिन् ।

भवन शिलान्यास कार्यक्रममा झापा निर्वाचन क्षेत्र नं ४ का प्रतिनिधि सभा सदस्य लालप्रसाद सावाँ, प्रदेश सांसद झलक दर्लामी मगर, शिवसताक्षी नगरपालिकाका प्रमुख चन्द्रकुमार शेर्मा, उपप्रमुख भोजकुमारी नेपालले गौतमको मुक्त कण्ठले प्रशंसा गरे । उनीहरुले भने, 'समाजमा केहि गरौं भन्ने भावनाका मानिसको संख्या दिनानुदिन घट्दै गइरहेका बेला प्रतिष्ठानकी अध्यक्ष ईन्दिरा गौतमले समाज सेवाको बिंडो थाम्नुभएको छ । हामी जनप्रतिनिधिले दिने हौसला, वाहवाही र सहयोग कहिल्यै कमि हुने छैन ।'

प्रतिष्ठानकी केन्द्रीय सदस्य सीता ओझाले एकल महिलाको नेतृत्वमा स्थापित संस्था अन्य भन्दा अब्बल रहेको दाबी गरेकी छन् । अढाई करोडको लागतमा निर्माण हुन लागेको भवनबाट शिवसताक्षी नगरकै नगरबासी लाभान्वीत हुने उनले बताएकी छन् । प्रतिष्ठानलाई हरेक तरहको सहयोग आवश्यक रहेकाले खुलेर सहयोग गर्न उनले नगरबासी र सरकारका प्रतिनिधिलाई आग्रह गरिन् । उनले भनिन्, 'नगरको मात्र होइन, नगरबासीले पनि आफ्नो निजत्व भएको महसुस तालिम केन्द्रबाट गर्न सकुन् ।'

प्रतिष्ठानका अध्यक्ष भद्र दुमी राईको अध्यक्षतामा भएको कार्यक्रमको संचालन सचिव गणेश घिमिरेले गरेका थिए ।

# नारी सञ्चार गृहको अक्षयकोषमा दुई पत्रकारको सहयोग



–**सन्दर्भ समाचारदाता**

भद्रपुर । झापाका महिला संचारकर्मीहरुको छाता संगठन नारी सञ्चार गृहले स्थापना गरेको अक्षयकोषमा दुई पत्रकारले सहयोग रकम प्रदान गरेका छन् । अक्षयकोषमा साझा मञ्च अनलाईनका सम्पादक गोपाल काफ्ले र आयोमेल डटकमका झापा प्रतिनिधि राजेन्द्र गौतमले सहयोग रकम प्रदान गरेका हुन् ।

पत्रकार काफ्लेले पाँचहजार एकसय रुपैयाँ बराबरको चेक र गौतमले नगद पाँचहजार पाँच रुपैयाँ संचार गृहका अध्यक्ष भिमा शिवाकोटीलाई उक्त रकम हस्तान्तरण गरेको सचिव भूमिका सुब्बाले जानकारी दिनुभयो ।

सहयोग रकम हस्तान्तरण गर्दै पत्रकार राजेन्द्र गौतमले देशभरमै झापाका महिला संचारकर्मीहरु संगठित भएर दीर्घकालीन सोच राख्दै स्थापना गरेको अक्षयकोषका लागि सानै भएपनि सहयोग गर्न पाएको खुशी लागेको बताउनु भयो । विगत केही वर्षअघिदेखि आफ्नो जन्मदिनमा सामाजिक क्षेत्रमा सहयोग गर्दै आएका गौतमले यो वर्ष कोरोना संक्रमण लगायत विविध कारणले थाँती रहेको नारी संचार प्रोत्साहन अक्षयकोषलाई सहयोग गरेको जानकारी दिनुभयो ।

रकम ग्रहण गर्दै संस्थाकी अध्यक्ष भीमा शिवाकोटीले दाताहरुलाई धन्यवाद ज्ञापन गर्दै लगभग दुईवर्ष अघिदेखि शुरु गरेको अक्षयकोषमा हालसम्म १३ लाख बढी रकम संकलन भइसकेको जानकारी दिनुभयो । झापाका महिला सञ्चारकर्मी संवद्ध नारी संचार गृहले २५ लाखको अक्षयकोष स्थापना गर्ने लक्ष्य राखेर रकम संकलन गर्दै आएको छ ।

# तेइस वर्षीय पर्वत पौडेल वेपत्ता



–**सन्दर्भ समाचारदाता**

भद्रपुर । झापाको बिर्तामोडबाट सहकारीका एक जना कर्मचारी तिन दिनदेखि वेपत्ता भएका छन् । गत सोमबार बिहान ७ बजे बिर्तामोडको एक होटलमा साथीभाइहरुले चिया पिएर १० बजेतिर खान खान घर जान्छु भनी हिडेका २३ वर्षीय पर्वत पौडेल आजसम्म पनि वेपत्ता भएका हुन् । पौडेल विर्तामोड ५ निवासी हुन् ।

पौडेल परिवारका एक मात्र छोरा उनी एकाएक वेपत्ता भएपनि हालसम्म बेखबर भएको पारिवारिक स्रोतले जनाएको छ । छोरा हराएपछि पौडेल परिवारमा चिन्ता थपिएको छ ।परिवारले हराएका छोरोको खोजतलास गरिदिन प्रहरीमा निवेदन दिएको भएपनि उनी फेला पर्न सकेका छैनन् ।

मोवाइल ट्राकिङ गरी हेर्दा सोमबार झापाको हडिया बुधबारेमा देखिएका थिए भने बुधबार साँझ सुनसरी जिल्लातिर देखाएको थियो । यतिबेला प्रहरीलगायत उनका आफन्त, इष्टमित्र, छरछिमेकीलगायत सबैजना उनको खोजी कार्यमा तीव्र लागी परेका छन् ।

# ईन्द्रेणी ताल पर्यटकीय आर्कषाण



–**सन्दर्भ समाचारदाता**

दमक । पर्यटकीयस्थलको रुपमा विकास हुदैआएको झापाको दमक १० स्थित ईन्द्रेणी ताल पछिल्ला समय आन्तरिक पर्यटकहरुको आर्कषण वन्दै गएको छ । तालमा मनोरञ्जनका लागि घुम्न आउने संख्या बढ्दो क्रममा रहेको स्थानीय लोकेश न्यौपानेले बताए । उनका अनुसार दमकसहित त्यस आसपासका मानिसहरु रमाइलो गर्न तथा सामाजिक सञ्जाल टिकटकमा दृष्य कैद गर्नका लागि यतिबेला दैनिकजसो इन्द्रेणीतालमा आउन थालेका छन् ।

पूर्वपश्चिम राजमार्गको दमक चौकबाट करिब साढे सात किलोमिटर दक्षिणमा यो ताल रहेको छ । यो तालसम्म पुग्नका लागि कालोपत्रे सडकको पनि निर्माण भईसकेको छ । केहिसमय अघि पूर्वमा नै निकै चर्चा पाएको यो तालको व्यवस्थापनमा खासै चासो जान नसक्दा लथालिङ जस्तै बनेको थियो । तर मुलुक संघीयतामा गएसंगै स्थानीय सरकार बनेपछि अहिले यो तालको भौतिक सुधारका कामहरु पनि अघि बढेको दमक वडानम्बर १० का वडा अध्यक्ष बोधराज न्यौपानेले जानकारी दिए ।

तालको सुधार तथा संरक्षणका लागि ताल परिसरको दुबै किनारमा २० फुटे कच्ची सडक निर्माण गरि सकिएको अध्यक्ष न्यौपानेले जानकारी दिए । स्थानीय युवाहरुको सक्रियतामा ताल परिसरको दुबै किनारमा विभिन्न प्रजातिका विरुवाहरु समेत रोपिसकिएको छ । निकट भविष्यमा नै यो तालमा पुनः नौका सयरको व्यवस्था समेत गर्न लागिएको जनाईएको छ । विगतका दिनमा यो तालमा काठको डुङ्गा सञ्चालनमा रहेको भएपनि अब भने प्लाष्टिक तथा मोटरबोट सञ्चालनको तयारी भईरहेको स्थानीय हरिकृष्ण न्यौपानेले बताए ।

# राप्रापाको मङ्सिर २० मा झापामा वृहत् र्‍याली



–**सन्दर्भ समाचारदाता**

दमक । राजसंस्था र हिन्दु राष्ट्रका पक्षमा स्वतःस्फूर्त रूपमा देशभर भइरहेको र्‍यालीप्रति ऐक्यबद्धता जनाउँदै राप्रपा झापाले पनि वृहत मोटर साईकल र्‍याली गर्ने भएको छ । राजसंस्था र हिन्दु राष्ट्रको पुनः स्थापना,सङ्घीयताको खारेजी,भ्रष्टाचार नियन्त्रण, कोरोना व्यवस्थापनमा सरकारको असक्षमता, रासायनिक मलको अभाव लगायत जनजीविकासँग सम्बन्धित विषयमा जनदबाब सिर्जना गर्न राप्रपा झापाले मङ्सिर २० गते विशाल मोटर तथा मोटरसाइकल र्‍याली आयोजना गर्ने निर्णय गरेको छ ।

समान विचार राख्ने सबै व्यक्ति, संस्था, सङ्गठन र पार्टीहरूलाई राष्ट्रिय झन्डा र आआफ्नो संस्था,सङ्गठन र पार्टीको झन्डा सहित उक्त र्‍यालीमा सहभागी हुन राप्रपाका महामन्त्री राजेन्द्र लिङ्गदेनले अपिल गरेका छन् ।

र्‍याली व्यवस्थापनको लागि राप्रपा झापाले ध्रुव उप्रेती संयोजक र राजकुमार राईको सह-संयोजकत्वमा र्‍याली परिचालन समिति गठन गरेको छ । त्यस्तै जिल्ला अध्यक्ष अम्बर विष्टको संयोजक रहेको निर्देशन परिचालन समिति, उपाध्यक्ष कमल खरेलको संयोजनमा आर्थिक व्यवस्थापन समिति र मिडिया नेपालका झापा अध्यक्ष रञ्जित प्रसाईंको संयोजकत्वमा प्रचारप्रसार समिति गठन गरिएको छ । मङ्सिर २० गते आयोजना गरिएको मोटर तथा मोटरसाइकल र्‍याली काँकडभिट्टावाट सुरु भई दमकसम्म पुग्ने जनाइएको छ । सबै गाउँ नगर क्षेत्रीय समितिको बैठक बसी २० गते आआफ्नो गाउँ नगरबाट सहभागी हुने मोटरसाइकलको विवरण जिल्ला समितिमा पठाउन भनिएको सचिव केशव ओझाले जानकारी दिए । साथै विभिन्न धार्मिक सङ्गठन समूह सँग समेत समन्वय गरी व्यापक सहभागिता जुटाउन सबै क्षेत्रबाट क्रियाशील समेत राप्रपा झापाले अनुरोध गरेको छ ।

# संसद बन्द हुँदा प्रतिपक्षी काँग्रेसले कुनै कदम चाल्न सकेन



**–पूर्व सभामुख दमननाथ ढुंगाना**

काठमाडौं । संसदीय व्यवस्था र लोकतन्त्रका लागि यत्रो समय लागियो । अब कम्युनिस्टलाई पनि संसदबाहेक विकल्प छैन । अनि त्यो संसदलाई यति 'अन्डरमाइन' किन ? काँग्रेस र मधेसवादीले समेत संसदलाई यति वेवास्ता गर्नु-कमजोर तुल्याउनु लज्जा र चिन्ताको विषय हो । जनताको सर्वोच्च निकायलाई ' अन्डरमाइन' गर्नु राम्रो होइन । मानौ आज संसद नियमित बन्द भयो, साझ भुइँचालो आयो, ठूलो बाढी आयो, सीमा संकट आयो भने भोलि नै संसद बोलाइन्छ । आपतकालमा सत्ता र प्रतिपक्षी छलफलमा बसेर नीति बनाउन लागेछन् भनेर राजनीतिक दलहरु जनताप्रति गम्भीर भएको अनुभूति हुन्छ । तर यत्रो कोरोना कालको बीचमा संसद बन्द गरियो । यस्तो अवस्थामा बन्द गर्न हुँदैन भनेर विपक्षीले भन्नु पर्ने हो । काँग्रेसले कुनै कदम चाल्न सकेन । यसले मलाई चिन्तित बनायो ।

हामीसँग बहुमत छदैछ संसदबाट जे पनि पास भइहाल्छ, किन संसद बोलाउनु भन्ने खालको दम्भ र व्यवहार सत्तापक्षमा देखियो । यसले संसदीय व्यवस्थाप्रतिको विश्वास डगमगायो । काँग्रेस र मधेसवादीमा पनि संसदप्रतिको प्रतिबद्धता डगमगायो ।

प्रधानमन्त्री सिफारिश गर्ने, राष्ट्रपति सदर गर्ने । संसद अधिवेशनको नाटकीय अन्त्य, सरकोरवाला प्रमुखहरूले समेतपछि मात्र थाहा पाउनुपर्‍यो । यसरी दुईजनाको हातमा लोकतन्त्र पदीय खेलबाड भयो । मानौँ अरू सबै वर्षाका ट्वाँट्वाँ मात्र हुन् । सत्तारूढ कमरेडहरू जनवादी शक्ति निर्माण खातिर प्रधानमन्त्रीय मोर्चामा भिडिरहेको प्रष्टै देखियो । अनि प्रतिपक्षी, षड्यन्त्रात्मक शैलीमा संसद अधिवेशन अन्त्य गर्दा समेत सामान्य नाखुशी बाहेक, सैद्धान्तिक तथा सशक्त विरोधमा उत्रन सकेन । किन ? धन्य, हाम्रा लोकतन्त्रका रक्षकहरू !

यो संविधान अनुसार उदार संसदीय प्रणाली अनुदार, विकृत, आंशिक लोकतान्त्रिक, आंशिक कम्युनिष्ट ढर्राको, वर्णशंकर बन्न पुगेको छ । प्रतिनिधिसभा प्रधान नभएर दल प्रधान लाग्दैछ । अन्यथा, प्रधानमन्त्रीमाथि विश्वास र अविश्वासको प्रश्न दलभित्र अनन्तकालसम्म अड्किनुपर्ने किन ?

महिनौंदेखि प्रधानमन्त्रीको मेच हल्लिइरहेछ । यो हल्लिनु भनेको नीति निर्देशन कार्यान्वयन हल्लिनु र देश हल्लिनु सरह हो । यो सत्तावाद कि राष्ट्रवाद ? संसदीय दल भूमिगत तथा प्रतिनिधिसभा ब्युँझाउने साँचो पनि अपहरण भयो कि ?

कहाँ छन्, के गर्दैछन्, अहिलेको राजनैतिक परिवर्तन ल्याउने दल र नायकहरु ? परिवर्तनमाथि बढ्दो खतरा सूचकहरु अनुभूति गर्दै हुनुहुन्छ ? संसद तृरुन्त चालू नगरी, जागरुक नबनाई गैर संवैधानिक केन्द्रहरु निरुत्साहित हुने छैनन् ।

उदार प्रजातन्त्रको एउटा कमजोरी । बैधतामाथि प्रश्न उठाउने ठाउँ नभएपछि, नैतिकतामाथि प्रश्न जति उठाए पनि, यसले सरकारलाई सच्याउन वा निरन्तरतामा धक्का दिन सक्दैन । नियन्त्रणकारी एउटा सशक्त संस्था, संसद हुनुपर्ने हो । त्यो मुख्य प्रतिपक्षलाई पनि चाहिएको छैन ।

कोरोना महामारीले भयंकर रुप लिनु, सरकार आफ्नै दलको धापमा भास्सिनु, कतिका लागि यस्तो स्थिति मनपरीका लागि झन् ठूलो मौका हुनु, जनता झन् झन् निराश तथा व्यवस्था बदनाम हुनु, संसद बोलाउने प्रतिपक्षको चासो नहुनु, यस्तो संवैधानिक शून्यताको समाधान संविधानमा नभएकै हो त ?

सरकारी टिमका हस्तीहरुबारे अनियमितता र अनैतिकतासम्बन्धी सूचना धमाधम सार्वजनिक हुँदैछन् । धन्य, कोरोनाबीच पनि प्रेस जागेको छ र यतिसम्म थाहा पाउन सकिएको छ । सत्ता संरक्षित विषयमा कानून काम गर्दैन । संघीय संसद सुतेको छ । मुख्य प्रतिपक्ष कस्सिएर बोल्दैन । जनताले गर्ने के ?

नेतृत्वतहको आपसी कलह, संसदको अवमूल्यन, संस्थागत भ्रष्टाचार, भागबण्डाको मनपरि नियुक्ति, छिमेकी चिढ्याउने असन्तुलित अक्कल तथा धाकधक्कू प्रधान शासन शैली सब बेरोकतोक अघि बढ्ला । ओलीसँगै नेकपा पनि जाला । र, मध्यावधिको बाटो खुल्ला !

जनता अत्याउने गरी सरकारी मनपरी बढ्दा रोक्न कम्मर कस्ने को ? जनमत, जुन प्रतिनिधित्व गर्ने देशको सर्वोच्च आधिकारिक संस्था हो- संसद र मुख्य प्रतिपक्ष । यतिबेला हारेकाहरु डम्प गर्ने त्यै संसद पनि कहाँ छ र ? सिवाय ओली-देउवा क्लवमा !

कोरोना र अनुचित कमाउ धन्दा, बेरोजगारी विष्फोट तथा खासगरी सहरी क्षेत्रमा भोकमरीको अवस्थाले देश छिटोछिटो आपतकालतर्फ लम्कदैछ । यस्तो बेलामा पनि संघीय संसद बसाउने जनप्रतिनिधिको चासो छैन । न सरकार न प्रतिपक्ष दलहरुबाट आश्वासनको योजना नै सार्वजनिक हुन सकेको छ । जनता सडकमै जानुपर्ने ? संविधान दिवस उत्साहवर्धक भएन । संविधान संशोधन वरपर नारा जुलुस विरोध भए । मुख्य प्रश्न सत्तारुढ दललाई । कुन संस्था यसबीच उद्धेश्यमूलक बनाइयो ? अत्यधिक बहुमतको मदमा निदाएको संसद, प्रतिपक्षलाई पनि ब्युँझाउनु परेन । दलभन्दा माथि उठ्न सक्ने नागरिकहरुको सभा चाहिएकै हो त ?

संविधानअनुसार देशमा आमूल राजनैतिक परिवर्तन भएको छ । प्रतिफल जनताले के पाए ? अनियमितता, बेरोजगारी, अपराधिकरणको तीव्रता ? यी सब राजनैतिक संरक्षणका कारण बढिरहेका त छैनन् ? आम धारणा यस्तो पनि बन्दैछ- संकटको बेला पनि संघीय संसद कसैलाई नचाहिने ?

नियुक्ति अक्षम्य ढिलो भए । नांगिने किसिमका पनि भए । संस्था विकास योग्यता भयो कि दलीय कोरा भागबण्डे सिफारिस ? लाज शर्म मान्ने कोही भएन । संवैधानिक संस्था तथा मन्त्रिपरिषद्बाट हुने नियुक्ति संविधानका खम्बा हुन् । जनमत तथा संविधान लत्याउन नपाए, एकाधिकार सत्ताको के अर्थ ? के स्वाद ? सिंगो काठमाडौं सरकार भने प्रधानमन्त्रीको त्यो खेल, शक्ति प्रदर्शनमा अन्तरनिहीत त्रासआस वरपर जी-हजूरीमै व्यस्त देखिन्छ । आनन्द छ- संसद खोज्ने सांसद छैनन् !

जनतामा यो पत्यार बढ्दैछ कि अनुभवी विशेषज्ञहरूको सल्लाह वेवास्ता गर्दा कोरोना उत्कर्षमा पुगेको हो । सरकारको नीतिहीन तैयारी भोगियो । सर्वोच्च अदालतलाई निःशुल्क जाँच्नु भन्दिए पुग्दोरहेछ । सांसद संसद बोलाएर बोल्ने भएनन् किनभने आफ्नै ज्यान प्यारो छ । झनझन् जरुरी भयो- अविलम्ब नागरिक पहल !

प्रधानमन्त्रीले वर्तमान कोरोना महामारीका सन्दर्भमा विजयादशमीको शुभकामना सन्देशमा अहिलेको समयलाई राष्ट्रिय आपत्तिको समय भन्नु ठीकै हो । यस्तो आपत्तिकालमा राष्ट्रलाई मार्गनिर्देशन गर्न सरकारमात्र पर्याप्त हुन्छ कि संघीय संसद अझ बढी नै चाहिन्छ ? के जोखना हेर्न परेको हो संसद बोलाउन ?

अहिलेको आमूल परिवर्तनबाट पनि आशा गर्ने ठाउँ सकिनै लागेको हो त? देशमा सदाचार तथा सुशासनको नवयुगको सट्टा, महामारीका बेला पनि भ्रष्टाचारका कथा वा सरकार र पार्टीबीच अनन्त एकता वा कलह सुन्न नै जनताले झण्डै दुई तिहाईको संसद, आपतकालमा पनि जाम गर्न कम्युनिष्ट पार्टीलाई मत दिएको हो त ?

एउटा कम्युनिष्ट पार्टी- माओवादीको जोडबलमा देशमा गणतन्त्र, संघीयता, समावेशिता जस्ता आमूल परिवर्तन झुल्किए । अर्को कम्युनिष्ट पार्टी- एमालेले सत्ताको नेतृत्व गर्दा परिवर्तनका रंग उड्ने क्रम जारी छ । देश फेरि अस्थिरताको बाटो लाग्यो । यस्तै लेखिन थालेको त हैन हाम्रो वर्तमान संविधानमा ?

सत्तापक्ष संघीय संसद आह्वान गर्न ढिलो गर्दैछ । अविश्वास प्रस्ताव आउला भनेरै हो त ? मुख्य प्रतिपक्ष प्रायः मौन किन नि ? सहयोगी भूमिका खेल्न नपाइएला भनेर? यो भन्दा कति संकटमा पर्नु हाम्रो 'जवाफदेहिता'? क्रान्तिजडित जनउत्तरदायी व्यवस्था !

खै, उपसभामुख ? संविधानको धारा ९१(१) भन्दछ, 'प्रतिनिधिसभाको पहिलो बैठक प्रारम्भ भएको मितिले पन्ध्र दिनभित्र सदस्यहरूले आफूमध्येबाट सभामुख र उपसभामुख निर्वाचित गर्नेछन् । कहिले देख्न पाइने उपसभामुख ? कसको जिम्मेवारी हो उपसभामुख पूर्ति ? को किन चुक्यो यस जिम्मेवारीबाट ? अब कहिले ?

संसद- खसीको टाउको' भन्ने पूर्व माओवादीको प्रभावमा पूर्व एमाले परेकै हो ? कोरोना महामारीको आपत्काल र स्वास्थ्य भ्रष्टाचार काण्ड मच्चिँदा पनि संघीय संसद बसेन । मुख्य प्रतिपक्ष नेकपा संकट र सत्तामा मुख मिठ्याउँदै निदायो । तब जनताले किन्न नभन्ने, कहिले के कामका लागि सिंहदरवारे संसद ?

धारा ११४ मा अध्यादेशको प्रावधान भए तापनि यसको न्यूनतम प्रयोग वाञ्छनीय हुन्छ । यतिवेला चारओटा अध्यादेश जारी भइसके । संसद अधिवेशन सुरू हुनु पहिले तथा असाधारण जरूरी अवस्था पर्दा बाहेक अध्यादेश जारी नगर्ने सिद्धान्त र चलन छ । अध्यादेशको निर्भरता नघटाई संविधानको विकास हुँदैन ।

# झापामा बलात्कारका घटनामा वृद्धि

**– सन्दर्भ समाचारदाता**

भद्रपुर । झापामा बलात्कारका घटनामा वृद्धि भएको पाइएको छ । गत आर्थिक वर्ष २०७६।०७७मा ८८ वटा बलात्कारका घटना भएको थियो । चालू आर्थिक वर्ष २०७७।०७८ को चार महिनामा ४३ वटा बलात्कारका घटना भएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

आठ नगरपालिका र ७ गाउँपालिका रहेको झापामा चालू आर्थिक वर्षमा भद्रपुर नगरपालिकामा ८ वटा जवरजस्ती करणी (बलात्कार) भएको छ भने गाँउपालिकातर्फ बाह्रदशी गाउँपालिकामा ४ वटा बलात्कारका घटना भएको जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता प्रहरी नायव उपरीक्षक राकेश थापाले जानकारी दिए । त्यस्तै दमक नगरपालिकामा ५ वटा बलात्कारका घटना भएको र त्यसमा संलग्न ५ जना पक्राउ परेका छन् । बिर्तामोड नगरपालिकामा ४ वटा बलात्कारका घटना भएको छ । जसमा संलग्न ६ जना पक्राउ परेका छन् ।

कनकाई नगरपालिकामा दुई वटा जवर जस्ती करणी उद्योग घटना भएको र त्यसमा संलग्न पक्राउ परेको बताइएको छ । अर्जुनधारा नगरपालिकामा ४ वटा बलात्कार र एउटा जवरजस्ती करणी उद्योगका घटना भएका छन् । शिवसताक्षी नगरपालिकामा एउटा बलात्कार भएको छ भने गौरादह नगरपालिकामा १-१ वटा जवरजस्ती करणी, जवरजस्ती करणी उद्योग भएको तथ्याङ्कमा उल्लेख गरिएको छ । त्यस्तै गाउँपालिकातर्फ चालूआर्थिक वर्षमा बाह्रदशी गाउँपालिकामा ४ वटा जवरजस्ती करणी घटना भएको छ । बुद्धशान्ति गाँउपालिकामा ३ वटा जवर जस्ती करणी र एउटा जवरजस्ती करणी उद्योगका घटना भएका छन् । गौरीगञ्ज गाउँपालिकामा ३ वटा जवरजस्ती करणीका घटना भएका छन् ।

त्यस्तै हल्दिबारी गाउँपालिकामा ३ वटा जवरजस्ती करणी, झापा गाउँपालिकामा दुई वटा जवरजस्ती करणी र कचनकवल गाउँपालिमा दुई वटा जवरजस्ती करणीका घटना भएको प्रहरी प्रवक्ता डीएसपी थापाले जानकारी दिए । बलात्कारका घटना न्यूनीकरणको प्रयास भइरहेको प्रहरी प्रवक्ता डीएसपी थापाले बताए । प्रहरीले अवलम्बन गरिरहेको समुदाय-प्रहरी साझेदारी कार्यक्रमले पनि यस्ता विकृति न्यूनीकरण गर्ने प्रयास गरिरहेको उनको भनाइ छ ।

**१५...**

परीक्षा केन्द्र तोकिएको छ । परीक्षा बिहान ८ बजेदेखि सुरु भएको थियो ।

झापामा कति विद्यार्थी परीक्षामा सहभागी भए भन्ने तथ्याँक आफूहरुसँग नभएको शिक्षा समन्वय इकाईका प्रमुख राजकुमार विकले बताए । उनले कक्षा ११ र १२ को परीक्षाका लागि सम्बन्धित पालिकाले अनुमति दिएको र विद्यालयहरुले राष्ट्रिय परीक्षा बोर्डसँग समन्वय गरेकाले आफूहरुलाई थाहा नभएको जानकारी दिए । त्यस्तै राष्ट्रिय परिक्षा बोर्डले आफूहरुसँग पनि समन्वय नगरेको जिल्ला शिक्षा समन्वय समितिका संयोजक समेत रहेका प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिमिल्सिनाले बताए । उनले परीक्षा केन्द्रहरुमा सुरक्षाको प्रबन्ध मिलाइएको जानकारी दिए । स्वास्थ्य सुरक्षाको मापदण्ड अपनाउँदै परीक्षा गरिएको छ । परीक्षार्थीहरुको शरीरको तापक्रम नापेर साबुनपानीले हात धुन लगाइ अनिवार्य मास्कसहित भौतिक दुरी कायम गराइ परीक्षामा सहभागी गराइएको छ । त्यस्तै प्रत्येक परीक्षा केन्द्रमा हेल्प डेक्स राखिएको प्रजिअ तिमिल्सिनाले बताए ।

कोरोना संक्रमणका कारण परीक्षा गराउन नसक्ने चुनौतीका बीच पहिलो दिनको परीक्षा सफल रुपमा सम्पन्न गरिएको परीक्षा बोर्ड प्रदेश परीक्षा व्यवस्थापन कार्यालयका प्रमुख डम्बर बतासले बताए । उनले अनलाइनमार्फत प्रश्नपत्र पठाउँदा केही विद्यालयहरुले तत्काल खोलेर प्रिन्ट गर्न नसक्दा पहिलो दिन समस्या आएको जानकारी दिए । भोजपुर , विराटनगरलगायतका स्थानका विद्यालयलाई प्रश्नपत्र निकाल्न समस्या भएको थियो ।

कोरोना संक्रमण भएका र परीक्षामा बस्न नसक्ने परीक्षार्थीलाई अर्को परीक्षा सञ्चालन गरिनेछ । कोरोना संक्रमण पुष्टि भएर पनि परीक्षामा बस्न सक्ने विद्यार्थीका लागि भने छुट्टै स्थानको व्यवस्था गरिएको छ। परीक्षा मंसिर १६ मा सकिनेछ । सैद्धान्तिकतर्फ कुल पूर्णाङ्कको ४० प्रतिशत मात्रै लिखित परीक्षा लिन शुरु गरिएको हो ।

४० प्रतिशत कक्षा ११ मा प्राप्त गरेको अंक र बाँकी २० प्रतिशत विद्यालयको आन्तरिक मूल्याङ्कनको आधारमा दिइने बोर्डले जनाएको छ। गएको वैशाख ८ गतेदेखि सञ्चालन हुनुपर्ने परीक्षा कोरोना संक्रमण जोखिमका कारण स्थगित भएको थियो ।

**मंसिर...**

साबुन पानीको व्यवस्था हुनु पर्ने, सेनिटाइजरको व्यवस्थापन गर्नु पर्ने, थर्मल गनबाट ज्वरो मापन गर्ने व्यवस्था अनिवार्य गर्नुपर्ने छ ।

तर भद्रपुर नगर क्षेत्रका निजी क्षेत्रका १४ वटा विद्यालयहरूले सरकारी नियम मिच्दै बैकल्पिक विधिलाई छोडेर स्वास्थ्य सुरक्षा सावधानीलाई समेत बेवास्ता गर्दै निरन्तर भौतिक रूपमा विद्यालय सञ्चालन गरिरहेका थिए । ती विद्यालयहरूलाई नगर सरकारले कुनै कारवाही गर्न सकेको छैन भने त्यहाँ अध्ययनरत विद्यार्थीहरू सुरक्षा जोखिम मोलेर विद्यालय गइरहेको अभिभावकहरूको गुनासो रहेको छ ।

**स्थानीय....**

हस्दा जिल्ला समन्वय समिति (जिसस) सदस्य छन् ।

सन्थाल जनप्रतिनिधिले आफूहरू स्थानीय तहको जिम्मेवारीमा पनि उपेक्षित भएको अनुभूति गरेका छन् । १७ भदौ २०७७ का दिन झापा गाउँपालिका २ की महिला वडा सदस्य मराङमई हस्दाले वडा कार्यालयमा हस्ताक्षर गरिन् । हस्ताक्षर आवश्यक भएकाले वडा सचिव नारायण चम्लागाईले हस्दालाई फोनमार्फत वडा कार्यालयमा बोलाएका थिए । करीब तीन किलोमिटर साइकल चलाएर वडा कार्यालय पुगेकी मराङमईलाई के विषयको माइन्यूटमा हस्ताक्षर गरें भन्ने थाहा छैन । उनलाई निर्वाचित भएको तीन वर्ष बितिसक्दा पनि वडा र गाउँपालिकाले कुनै जिम्मेवारी दिएका छैनन् । उनी भन्छिन्, "बैठक बस्नुपर्दा सचिव सरले बोलाउनुहुन्छ । बैठकमा उहाँहरू नै बोल्नुहुन्छ । म सुनेर बस्छु । सकिएपछि सही गरेर घर फर्किन्छु ।

बाह्रदशी-१ का वडा सदस्य सुकोल मुर्मु पनि आफूले वडामा पर्याप्त अवसर नपाएको गुनासो गर्छन् । गाउँपालिकामा आफू एक जना मात्र सन्थाल भएकोले आफ्नो कुरा कसैले नसुनेको उनको कथन छ । सुकोल गाउँपालिकाको सुशासन समिति सदस्य छन् । तर, सुशासनका लागि अहिलेसम्म के काम भयो भन्ने उनलाई कुनै जानकारी छैन । उनी भन्छन्, "दैनिक वडा कार्यालय जान्छु । वडाध्यक्षज्यूले केही काम लगाउनुभयो भने गर्छु । नत्र, दिनभरि बसेर घर फर्किन्छु ।

जेठा मुर्मु गौरीगञ्ज गाउँपालिकाको मनोनीत कार्यपालिका सदस्य हुन् । उनी उपाध्यक्ष नेतृत्वको अनुगमन समिति र बजेट बाँडफाँड समितिमा पनि छन् । बजेट बाँडफाँड समितिमा भएर पनि उनले सन्थाल जातिका लागि पर्याप्त बजेट विनियोजन गराउन सकेका छैनन् । उनले भने, "यो ठाउँमा बसेर मैले मेरो जातिको लागि जति गर्नुपर्ने हो, त्यति गर्न सकिरहेको छैन ।

संविधानसभा सदस्य मोहन टुडुका अनुसार, स्थानीय जनप्रतिनिधिको ध्यान सन्थाल जातिप्रति नगएकोले झापाका सन्थालको अवस्था झन् दयनीय बन्दै गएको छ । "जनप्रतिनिधिले सन्थालको लागि कम्तीमा वर्षमा एकरएक वटा कार्यक्रम मात्र पनि गरिदिए हुन्थ्यो । तर, उनीहरूको ध्यान त्यतातिर छैन । टुडु भन्छन्, "प्रदेश र स्थानीय सरकारको सहयोग पाएन भने सन्थाल जातिको भाषा, संस्कार, संस्कृति लामो समयसम्म रहन्न ।

(अर्जुन राजवंशी–खोज पत्रकारिता केन्द्रबाट साभार)






# शान्ता अधिकारीलाई आर्थिक सहयोग



**–सन्दर्भ समाचारदाता**

भद्रपुर । मेची-महाकाली बुहारी संयुक्त आवाज केन्द्रीय समिती र झापा जिल्ला समितिको सक्रियतामा झापा धुलाबारीकि शान्ता अधिकारीलाई आर्थिक सहयोग गरिएको छ । लुगा उठाउने क्रममा दुई तला माथिबाट लडेर ढाडमा गम्भीर चोट लागेकि झापाको धुलाबारीस्थित (खुट्टीडाँगी) कि शान्ता अधिकारीलाई नगद १५ हजार उपचारार्थ सहयोग गरिएको हो ।

मेची-महाकाली संयुक्त आवाजकी केन्द्रीय उपाध्यक्ष चन्द्रा काफ्ले र झापा अध्यक्ष शिखा खडका गणेशको नेतृत्वमा रहेको बुहारीहरुको टोलिले अधिकारीको घरमै पुगेर स्वास्थलाभको कामनासहित सहयोग हस्तान्तरण गरेका हुन। सो क्रममा बिरामीको लागि हर्लिक्स लगायतका पोशिला खानेकुरा पनि हस्तान्तरण गरिएको संयोजक खडकाले जानकारी दिनुभयो ।

पीडित अधिकारीका श्रीमान मनरोगी छन् भने एक छोरीको यसअघि नै निधन भएका कारण १४ बर्षिय छोरा र शान्ताले मजदुरी गरेर घर चलाइरहेको बताइएको छ । मज्दुरी गर्ने मुख्य ब्यक्ति नै अशक्त भएपछी अहिले दैनिक गुजारा र औषधि उपचारमा समेत असहज भएको पारिवारिक श्रोतले जनाएको छ । यमु शर्मा सुब्बाको नेतृत्वमा रहेको मेची महाकाली संयुक्त बुहारी आवाजले विभिन्न समस्यामा परेकाहरूलाई आफ्नै पहलमा सहयोग जुटाएर आर्थिक, कानुनी, स्वास्थ, सामाजिक सेवा पुर्‍याउदै आएको छ ।

# कीर्ते गरेको अभियोग नेकपा नेता पक्राउ



**–सन्दर्भ समाचारदाता**

भद्रपुर । झापा दमक निवासी नेकपा नेता रेवतराज पुरी 'गगन' पक्राउ परेका छन् । सम्पत्ति शुद्धिकरण अनुसन्धान विभागको टोलीले पुरीलाई मंगलबार काठमाडौंबाट पक्राउ गरेको हो । दमक नगरपालिका ६ का नेकपा नेता पुरीमाथि सरकारी जग्गा आफ्नो नाममा कीर्ते गरेर अवैध धन आर्जन गरेको अभियोग छ । उक्त अभियोगमा अनुसन्धान गरिरहेको विभागले पुरीलाई पक्राउ गरेको हो ।

दमक नगरपालिका ८ (साबिक १३) को १० बिगाहा ८ कठ्ठा जग्गा आफ्नो नाममा लूयाएर बिक्री वितरण गरेको अभियोगमा पुरीमाथि विभागले अनुसन्धान गरिरहेको बताइएको छ। यो अभियोगमा उनी यसअघि अदालतबाट धरौटीमा छुटेका थिए । तीन महिना फरार भएका उनी २०७७ चैत ७ गते जिलूला अदालतमा हाजिर हुन पुगेका थिए । सरकारी जग्गा पुरीले कीर्ते गरेर आफ्नो नाममा लूयाएको अभियोगमा अदालतले उनलाई एक लाख ८० हजार धरौटीमा रिहा गरेको थियो । जिल्ला सरकारी वकिलको कार्यालय झापाले सरकारी जग्गा कीर्ते गरी आफ्नो नाममा लूयाएको अभियोगमा पुरीलाई अदालतमा पुर्‍याएको थियो । गत पुसमा पक्राउ पूर्जी जारी भएका पुरी प्रहरीबाट छलिँदै आएका थिए ।

प्रहरीको अनुसन्धान अनुसार दुई नम्बर नापी टोली चन्द्रगढी र नापी कार्यालय दमकका कर्मचारीको मिलेमतोमा पुरीले सरकारी जग्गा हडपेका हुन् ।

पुरीले उक्त जग्गा आफू, आफन्त र नातेदारको नाममा लूयाई विभिन्न व्यक्तिहरूलाई बेचबिखन गरेको अनुसन्धानबाट खुलेको छ । प्रहरी अनुसन्धानमा उक्त जग्गा १४८ जना व्यक्तिलाई नामसारी तथा बिक्री गरेको देखिएको छ । उक्त कार्यमा संलग्न कर्मचारी केहीलाई अदालती, केहीलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोग र पुरीसहितका जग्गाधनीलाई सम्पत्ति शुद्धिकरण अनुसन्धान विभाग अन्तर्गत कारबाहीको मागदाबी लिइएको छ ।

मुलुकी अपराध संहिता(२०७४ को लिखत सम्बन्धीको कसुरअनुसार उक्त जग्गामा आरोपितहरूलाई सरकारी बिगो दुई करोड ६९ लाख ५५ हजार ५८१ रूपैयाँ कायम गरिएको छ ।


